# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २३३ | काठमाडौं | शनिबार, ९ पुस २०७९ | Prabhab National Daily | Saturday, December 24, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५।-


सन्दर्भ : वैदेशिक रोजगार

## नवनिर्वाचित सांसदहरूसँग एनआरएको माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** गैरआवासीय नेपाली संघले गैरआवासीय नेपालीको लगानी नेपालमा भित्र्याउन सरल, सहज र अनुकूल वातावरण निर्माण गर्न प्रतिनिधिसभा तथा प्रदेशसभाका नवनिर्वाचित सांसदहरूलाई आग्रह गरेको छ। संघले बिहीबार प्रतिनिधि तथा प्रदेशसभाका नवनिर्वाचित सांसदहरूलाई बधाई तथा शुभकामना सन्देश जारी गर्दै उक्त आग्रह गरेको हो । यसका लागि कानुनी बाधा अड्चनलाई संशोधन गर्न संघले माग गरेको छ ।

संघकी कार्यकारी अध्यक्ष रविना थापा तथा अध्यक्षद्वय डा. बद्री केसी र कुल आचार्यले संयुक्तरूपमा जारी गरेको शुभकामना सन्देशमा गैरआवासीय नेपाली नागरिकतासमेत समावेश नागरिकता विधेयकलाई विस्तार गरी 'वर्क पर्मिट' नलिई व्यापार गरिरहेका तथा एनआरएन कार्ड लिएका र नेपालमा रेमिटचान्स खाता भएका सबैलाई समेट्नसमेत संघले माग गरेको छ ।

'गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न कठिनाइ हुने थाइल्याण्ड, म्यानमार, मलेसिया, फिजीलगायतका देशहरूमा पुस्तौंदेखि बसोबास गरी आएका नेपाली मूलका सबैलाई सहजरूपमा नेपालसँग जोड्न तथा सामाजिक, साँस्कृतिक र आर्थिक अधिकारसहितको गैरआवासीय नेपाली परिचयपत्र प्रदान गर्नेसम्बन्धी व्यवस्था ऐनमा संशोधन गर्न र हालसम्म परिचपत्र लिएका नेपालीहरूलाई पनि गैरआवासीय नेपाली नागरिकसरह पाउने अधिकारको व्यवस्था गर्न,' संघको सन्देशमा उल्लेख छ ।

गैरआवासीय नेपालीसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न मूर्तरूप दिन आवश्यक सहयोग गर्न आग्रह गरिएको छ ।

'नेपालमा रोजगारी सिर्जना, उद्यमशीलता तथा पूर्वाधार विकास र नेपालीको जीवनस्तर उकास्न सहयोग हुनेगरी समृद्ध नेपाल निर्माणमा गैरआवासीय नेपालीहरूको लगानी प्रोत्साहित गर्न आग्रह गर्दछौं,' सन्देशमा उल्लेख छ, 'एकातर्फ दैनिकरूपमा १५ सयको दरले वैदेशिक रोजगारमा जाने युवाहरू अधिकांश अदक्ष कामदार हुने भएकोले उनीहरूको आम्दानी निम्न छ । अर्कोतर्फ स्वदेशमा दक्ष कामदारको कमीले अधिकांश प्राविधिक कामका लागि विदेशी कामदारहरू भित्रिने गरेका छन् । यसैले नेपाली युवाहरूलाई सक्षम तथा दक्ष बनाउने कार्यक्रम तथा नीति सातै प्रदेशमा यथासक्दो छिटो सुरु गर्न ।'

नेपाली धितो पत्र बोर्डले जारी गर्ने सेयरमा वैदेशिक रोजगारमा गएकाहरूलाई हाल १० प्रतिशत कोटा राखिएकोमा सो दायरा बनेको विधेयकमा संघले नेपाल कानुन आयोगसँग विभिन्न चरणमा छलफल गरी दिएका सुझावहरूलाई सम्बोधन गरी कानुन ल्याउनका लागि पहल गर्नसमेत संघले सांसदहरूलाई आग्रह गरेको छ।

वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरूको ज्ञान, सीप, पुँजीलाई स्थानीय तहमार्फत परिचालन तथा नीतिगतरूपमा सहयोग उपलब्ध गराउन, विदेशमा रहेका नेपालीहरूलाई नेपालको पर्यटन प्रवर्द्धनमा सहभागी गराउने उद्देश्यले एनआरएन सप्ताह आयोजना गर्न, विभिन्न विषयमा विज्ञता हासिल गरी विदेशमा कार्यरत विज्ञ र सरकारका तीनै तहका प्रतिनिधिबीच समृद्ध मुलुक अभियानका लागि ज्ञान सीप आदान-प्रदान कार्यक्रम आयोजना गर्न संघको सुझाव छ ।

गैरआवासीय नेपाली लक्षित विप्रेषण तथा लगानीलाई प्रोत्साहन गर्ने खालको कार्यक्रम ल्याउन तथा पुरस्कार र सम्मानको व्यवस्था गर्नसमेत संघले माग गरेको छ ।






## चार्ल्स सोभराज फ्रान्स 'डिपोर्ट'

■ प्रभाव संवाददाता

**काठमाडौं–** बिकिनी किलर चार्ल्स शोभराजलाई शुक्रबार फ्रान्स निष्कासित गरिएको छ । फ्रान्सेली नागरिक शोभराजलाई नेपाल सरकारले शुक्रबार साँझ ६ बजे त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट फ्रान्सका लागि 'डिपोर्ट' गरेको हो ।

सर्वोच्च अदालतले बुधबार करिब २० वर्षदेखि जेल जीवन बिताइरहेका उनलाई तत्काल रिहा गरी १५ दिनभित्र उनको देश (फ्रान्स) पठाउन आदेश दिएको थियो । सोही आदेशबमोजिम उनलाई केन्द्रीय कारागार सुन्धाराबाट थुनामुक्त गरी निष्कासन गरेको हो । उनलाई १० वर्षसम्म नेपाल प्रवेश गर्न नपाउने गरी 'डिपोर्ट' गरिएको अध्यागमन कार्यालयले जानकारी दिएको छ ।

शुक्रबार दिउँसो केन्द्रीय कारागार सुन्धाराबाट छुटाएर शोभराजलाई अध्यागमन विभागको जिम्मा लगाइएको थियो । सरकारले ट्राभल डकुमेण्ट बनाएर उनलाई साँझ फ्रान्स पठाएको हो । अध्यागमन विभागका निमित्त महानिर्देशक प्रदर्शनी कुमारीका अनुसार उनलाई कतार एयरवेजमार्फत फ्रान्स पठाइएको हो ।

शोभराजलाई सन् २००३ मा कर्तव्य ज्यानको मुद्दामा पक्राउ गरी जिल्ला अदालत भक्तपुरले सर्वस्वसहित जन्मकैदको सजाय सुनाएको थियो । उनी दुई विदेशी नागरिकको हत्या अभियोगमा दोषी ठहर भएका थिए ।

पछिल्लोपटक बन्दी प्रत्यक्षीकरणको रिटमा सर्वोच्च अदालतले शोभराजलाई कैदमुक्त गरी १५ दिनभित्र आफ्नै देश पठाउन आदेश दिएको हो । न्यायाधीशद्वय सपना प्रधान मल्ल र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले बुधबार निजलाई आजै (**बाँकी पृष्ठ २ मा**)

नेपाल पर्यटन दशकको लक्ष्य

## वार्षिक ३५ लाख पर्यटक भित्र्याइने

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले पर्यटन क्षेत्रको पुनरुत्थान योजनाअन्तर्गत नेपाल पर्यटन दशक (२०२३-२०३२)को रणनीतिक कार्ययोजना तयार गरेको छ । सो कार्ययोजनामा सन् २०३२ सम्ममा वार्षिक ३५ लाख विदेशी पर्यटक पुऱ्याउने लक्ष्य लिइएको छ भने सोही अवधिमा पर्यटन क्षेत्रमा थप १० लाख नयाँ रोजगारी सिर्जना गर्ने योजना छ ।

नेपाल पर्यटन दशक रणनीतिक कार्ययोजनाबारे जानकारी दिन शुक्रबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले कोभिड महामारीबाट प्रभावित बनेको पर्यटन क्षेत्रको दीर्घकालीन सोचसहितको पुनरुत्थान आवश्यक भएकाले पर्यटन दशकको अवधारणा ल्याइएको बताए । उनले नेपाल पर्यटन दशकले विश्वपर्यटन बजारमा नेपाललाई अग्रणि स्थानमा स्थापित गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

मन्त्री श्रेष्ठले दशक कार्ययोजनाअन्तर्गत देशैभरि बहुपक्षीय पूर्वाधारको विकास गर्ने, पर्यटन क्षेत्रको पुनरुत्थान गर्दै सन् २०२४ सम्म पर्यटन आगमनलाई २०१९ को पूर्ववत् अवस्थामा पुऱ्याउने लक्ष्य लिइएको उल्लेख गरे ।

कार्ययोजनामा कोभिड-१९ महामारीबाट थलिएको मुलुकको पर्यटन क्षेत्रको पुनरुत्थान गर्दै सन् २०२४ सम्ममा पर्यटन आगमनलाई २०१९ को पूर्ववत् अवस्थामा पुऱ्याउने र तत्पश्चात् पर्यटन आगमन प्रतिवर्ष १५ प्रतिशतको वृद्धि गरी वार्षिक ३५ लाख पर्यटक भित्र्याउने लक्ष्य रहेको छ ।

> कोभिड-१९ महामारीबाट थलिएको मुलुकको पर्यटन क्षेत्रको पुनरूत्थान गर्दै सन् २०२४ सम्ममा पर्यटन आगमनलाई २०१९ को पूर्ववत् अवस्थामा पुऱ्याउने र तत्पश्चात् पर्यटन आगमन प्रतिवर्ष १५ प्रतिशतको वृद्धि गरी वार्षिक ३५ लाख पर्यटक भित्र्याउने लक्ष्य

यसका साथै प्रतिपर्यटक प्रतिनिदिन खर्च ४८ अमेरिकी डलरबाट १२५ पुऱ्याउनुका साथै देशको कूल गार्हस्थ उत्पादनमा पर्यटनको योगदानलाई १० प्रतिशतसम्म पुऱ्याउने लक्ष्य छ । यी लक्ष्य प्राप्त गर्न संस्थागत सुदृढीकरण, पूर्वाधार स्तरोन्नति, लगानी प्रवर्द्धन, पर्यटन प्रवर्द्धन, पर्यटन उपज विकास तथा विस्तार एवं विविधीकरण, कोभिडपछिको पर्यटनको पुनर्जागरण गर्दै देशैभरि पर्यटन प्रवर्द्धनका लागि प्रादेशिक तथा राष्ट्रियस्तरका अभियान सञ्चालन गरिने कार्ययोजनामा उल्लेख छ ।

पर्यटन दशक कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि तीन तहका सरकारसँग समन्वय गरेर अघि बढ्ने पर्यटनमन्त्री श्रेष्ठले जानकारी दिए । उनले भने, 'पर्यटक भ्रमण वर्ष भनेर मात्र हुँदैन, त्यसका लागि हामीले पूर्णतयारी गर्नुपर्छ । विगतका पर्यटक भ्रमण वर्षले पर्यटन आगमनमा सुधार आएको आँकडाले देखाउँछ । तर, त्यतिबेलाको संरचना र अहिलेको फरक छ, त्यसैले ती संरचनालाई एउटै लयमा अघि बनाएर पूर्वाधार विकास, पर्यटनमन्त्री वातावरण बनाई निजी क्षेत्रलाई प्रोत्साहन गर्न जरुरी छ ।'

### दस वर्षे अभियान

नेपाल भ्रमण दशक योजनाअन्तर्गत पहिलो वर्ष अर्थात् सन् २०२३ मा कार्ययोजना निर्माण तथा योजना तर्जुमालगायत तयारी गरिने योजना छ । सन् २०२४ मा बागमती प्रदेश 'थिमेटिक क्याम्पियन अफ कल्चरल हेरिटेज अफ बागमती प्रदेश' सञ्चालन गरिनेछ ।

सन् २०२५ मा गण्डकी प्रदेशलाई प्राथमिकता दिएर अभियान चलाइनेछ भने सन् २०२६ मा राष्ट्रियस्तरको अभियान कार्यक्रम चलाइनेछ । त्यस्तै २०२७ मा लुम्बिनी प्रदेशमा बुद्धिष्ट पर्यटन प्रवर्द्धन, सन् २०२८ मा मधेस पर्यटन, सन् २०२९ मा सुदूरपश्चिम प्रदेशमा अभियान चलाइनेछ । त्यस्तै (**बाँकी पृष्ठ २ मा**)

## विमानस्थलबाट १९ किलो सुन बरामद

**काठमाडौं (प्रस)–** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयको टोलीले शुक्रबार १९ किलो अर्धठोस अवस्थाको सुनसहित एक सुडानी नागरिकलाई पक्राउ गरेको छ ।

शुक्रबार अपराह्न ३ बजेको समयमा फ्लाई दुबइमार्फत नेपाल आएका सुडानी नागरिक २७ वर्षीय मोहम्मद अहमद डफल्ला सराफेल्डिन सुनसहित पक्राउ परेका भन्सार कार्यालयका प्रवक्ता यमराज पाण्डेले जानकारी दिए । भन्सार कार्यालयमा जाँचका क्रममा उनले सुन ल्याएको फेला परेपछि उक्त सुन बरामद गरिएको हो ।

'उसको गतिविधि शंकास्पद देखियो अनि कार्यालयका कर्मचारीले जाँच गर्दा उनले अर्धठोस अवस्थाको सुन ल्याएको फेला पऱ्यो,' पाण्डेले भने, 'थप विषयहरू अनुसन्धानका क्रममा रहेको छ ।'

सुन १० वटा प्याकेटमा अर्धठोस अवस्थामा रहेको र उनले पनि सुन ल्याएको स्वीकार गरेको पाण्डेले बताए । उनी पहिलोपटक नेपालमा भ्रमण भिसामा आएका व्यक्ति हुन् । घटनाको विषयमा थप अनुसन्धान भइरहेको भन्सार कार्यालयले जनाएको छ ।






**श्राद्ध गर्नेको भीड** | काठमाडौंको गोकर्णेश्वर नगरपालिका वडा नं ४ मा रहेको गोकर्णेश्वर उत्तरगया धाम परिसरमा पौष कृष्ण औँशीका दिन शुक्रबार पितृको सम्झनामा श्राद्ध, तर्पण एवं सिदादान गर्दै सर्वसाधारण । *तस्बिरः हरिराम भेटुवाल/रासस*

# उपत्यकाको एकीकृत गुरुयोजना निर्माण सुरु

**काठमाडौं (प्रस)**- काठमाडौं उपत्यका विकास प्राधिकरणले काठमाडौं उपत्यकाका तीनवटै जिल्लाको एकीकृत गुरुयोजना निर्माण सुरु गरेको छ ।

सरकारको चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा पनि यो कार्यक्रम समावेश गरिएको छ । काठमाडौं उपत्यकाको एकीकृत गुरुयोजना नेस्ट जियोकन प्यारागन जेभीले निर्माणको ठेक्का पाएको प्राधिकरणका सूचना अधिकारी इञ्जिनियर सौरव ढकालले जानकारी दिए ।

एकीकृत गुरुयोजना निर्माणपछि काठमाडौं उपत्यकालाई स्वच्छ, सुन्दर, हराभरा सहर बनाउन सहयोग पुग्ने उनले बताए । गुरुयोजनाअनुसार काम गर्न काठमाडौं उपत्यकाका १८ वटै नगरपालिकालाई सहज हुनेछ । यसको कार्यान्वयन गर्ने जिम्मेवारी पनि यहाँका स्थानीय तहको हुने प्राधिकरणले जनाएको छ ।

एकीकृत योजनाअनुरूप काम भए/नभएको अनुगमन र नियमन भने प्राधिकरणले नै गर्ने छ । एकीकृत योजना बनाउन नौ करोड रूपैयाँ बजेट विनियोजन गरिएको छ । एक महिनाअघिदेखि सुरु भएको एकीकृत गुरुयोजना निर्माण १५ महिना अर्थात् २०८० फागुनसम्ममा सम्पन्न हुने प्राधिकरणले जनाएको छ ।

## चार्ल्स सोभराज...

पृष्ठ १ बाट जारी

कैदमुक्त गरी १५ दिनभित्र आफ्नो देश फर्काउन आदेश दिएको हो । 'अन्य मुद्दामा थुनामा राख्नु नपर्ने भए निजलाई आजै कैदबाट छाडी दिन तथा यो आदेश भएको १५ दिनभित्र देश फर्काउन आवश्यक व्यवस्थासमेत गर्न यो आदेश जारी गरिएको छ,' सर्वोच्चको आदेशमा भनिएको छ, 'सम्बन्धित जिल्ला अदालतमार्फत कारागार कार्यालय जगन्नाथ देवल काठमाडौंमा छिटो साधनद्वारा आदेशको जानकारी पठाइदिनू ।'

शोभराजको तर्फबाट अदालतमा दायर भएको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमा अदालतले निरन्तर कैदमा राख्नु कैदीबन्दीको मानवअधिकार मापदण्ड, संविधान तथा कानुनप्रदत्त अधिकार अनुकूल नदेखिएको व्याख्या गरेको थियो ।

आदेशमा शोभराजको उमेर ७५ वर्ष भइसकेको तथा मुटुसम्बन्धी रोगबाट पीडित भई उपचारको अवस्थामा रहेको तथा तोकिएको कैदमध्ये ७५ प्रतिशत (१९ वर्ष) कैद सजाय भोगिसकेको देखिएको उल्लेख छ ।

नेपालको जेलबाट छुटेसँगै सोभराजले नेपाल सरकारसहित धेरैलाई मुद्दा हाल्ने बताएका छन् । फ्रान्सको समाचार एजेन्सी एएफपीका अनुसार शोभराजले जेलमुक्त हुँदा आफूलाई राम्रो लागेको बताएका छन् । 'मलाई राम्रो लागेको छ । मैले धेरै गर्नुछ । मैले नेपाल सरकारसहित धेरैलाई मुद्दा चलाउनुछ,' एएफपीले उनको भनाइ उद्धृत गर्दै लेखेको छ ।

# नागरिकलाई चिसोबाट बचाउन खर्च गर्ने अख्तियारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले शीतलहर, हिमपात तथा अत्यधिक चिसोबाट नागरिकलाई बचाउन जिल्लामा रहेको विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने गरी विभिन्न जिल्लालाई अख्तियारी दिएको छ । गृहमन्त्री बालकृष्ण खाणले शुक्रबार मन्त्रीस्तरीय निर्णयबाट शीतलहर, हिमपात तथा अत्याधिक चिसो हुने २० जिल्लालाई तीन तहमा विभाजित गरी सोहीअनुरूप वितरण गर्ने अख्तियारी प्रदान गरेका हुन् ।

मन्त्रिपरिषद्बाट शीतलहर, हिमपात तथा अत्यधिक चिसोबाट हुनसक्ने जोखिम एवं सम्भावित धनजनको क्षति न्यूनीकरणका लागि पूर्वतयारी एवं प्रतिकार्य सम्बन्धमा भएको निर्णय कार्यान्वयन गर्न गृहमन्त्री खाणले उक्त निर्णय गरेका हुन् । हिमाली जिल्ला ताप्लेजुङ, सोलुखुम्बु, संखुवासभा, दोलखा, सिन्धुपाल्चोक, रामेछाप, रसुवा, धादिङ, मुस्ताङ, गोरखा, रुकुम पूर्व, हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालीकोट, बझाङ, बाजुरा र दार्चुलालाई चार लाख रूपैयाँका दरले खर्च गर्ने अख्तियारी दिइएको छ ।

त्यसैगरी बढी प्रभावित हुनसक्ने तराईका जिल्ला सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, रौतहट, नवलपरासी पश्चिम, रूपन्देही र कपिलवस्तुलाई १२ लाख रूपैयाँका दरले खर्च गर्ने अख्तियारी दिइएको छ । त्यस्तै नवलपरासी पूर्व, दाङ, बाँके, बर्दिया र कञ्चनपुरलाई आठ लाख रूपैयाँका दरले खर्च गर्ने अख्तियारी दिइएको छ ।

कोषमा रकम अपुग भएमा माग गरी नेपाल सरकारको स्वीकृत मापदण्डबमोजिम तोकिएको सीमाभित्र खर्च गर्न पनि निर्देशन दिइएको छ । तराईमा शीतलहर र हिमाल तथा पहाडमा अत्यधिक चिसो सुरु हुन लागेपछि सरकारले पूर्वतयारीस्वरूप यस्तो निर्णय गरेको मन्त्रालयले जनाएको छ ।

## वार्षिक ३५ लाख...

— पृष्ठ १ बाट जारी —

सन् २०३० मा प्रदेश १ मा प्रवर्द्धन अभियान चलाइनेछ । सन् २०३१ मा कर्णाली प्रदेशमा पर्यटन प्रवर्द्धन केन्द्रित गरिनेछ । सन् २०३२ मा राष्ट्रिय अभियान चलाइने कार्ययोजनामा उल्लेख छ ।

रणनीतिक कार्ययोजनाको रूपरेखा तयार गर्न गठित कार्यदलले आफ्नो प्रतिवेदन बिहीबार पर्यटनमन्त्री श्रेष्ठलाई बुझाएको थियो । नेपाल पर्यटन दशकको रणनीतिक कार्ययोजना तयार गर्न पर्यटन विज्ञ प्रचण्डमान श्रेष्ठको संयोजकत्वमा पाँच सदस्यीय कार्यदल गठन गरिएको थियो ।

कार्ययोजनामा नेपालमा सबै मौसम र वर्षैभरि पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यका साथ आगामी १० वर्षसम्म हरेक वर्ष सम्पन्न गरिने भनिएको छ । नेपालको भौगोलिक, प्राकृतिक, वातावरणीय, सामाजिक, साँस्कृतिक, धार्मिक विविधतालाई पर्यटन क्षेत्रसँग आबद्ध गर्ने, पर्यटकीय सम्भाव्यताको आधारमा विशेष पर्यटकीय क्षेत्र घोषणा गरी त्यस्ता क्षेत्रमा बहुपक्षीय पूर्वाधारको विकास गर्ने कार्ययोजनामा उल्लेख छ ।

पर्यटकको आगमनलाई अभिवृद्धि गर्न हवाई सेवालाई थप व्यवस्थित, नियमित र गुणस्तरीय बनाउँदै अन्य मुलुकका वायुयानसँगको अन्तरसञ्जालमा आबद्ध गर्ने कार्ययोजनामा समेटिएको छ ।

पर्यटन प्रवर्द्धन र क्षेत्रको विकास गर्न सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रको सहकार्य एवं साझेदारीमा वृद्धि गर्ने, आन्तरिक, क्षेत्रीय एवं विश्व पर्यटन बजारमा नेपालका पर्यटकीयस्थलको प्रभावकारी बजारीकरणका लागि प्रवर्द्धनात्मक कार्यक्रम चलाउने कार्ययोजनामा उल्लेख छ ।


### मादमे खोला हाइड्रोपावर लिमिटेड
मध्य वानेश्वर, काठमाण्डौं ।

**प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना**

यस कम्पनीको संचालक समितिको मिति २०७९ पौष ७ गतेको निर्णय अनुसार प्रथम वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयर धनी महानुभावहरूलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रथम वार्षिक साधारण सभा हुने मिति,समय र स्थान :**
मिति :- २०७९ पौष २९ गते शुक्रवार (तदनुसार १३ जनवरी, २०२३)
समय :- दिनको १ बजे
स्थान :- हार्दिक होटल, वागवजार , काठमाण्डौं ।

**प्रथम वार्षिक साधारण सभाका प्रस्तावहरू**

**१. सामान्य प्रस्तावहरू**
क) कम्पनीको तर्फ वाट कार्यकारी अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०७८/७९ को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
ख) कम्पनीको आ.व. २०७८/७९ को लेखापरिक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।
ग) कम्पनीको आ.व. २०७९/८० को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धी ।
घ) कम्पनीको प्रारम्भीक सार्वजनिक निष्काशन (IPO) सम्वन्धी ।
ङ) संचालक समितिको पुर्न गठन गर्ने सम्बन्धमा ।
च) कम्पनीको कर्मचारी प्रशासन विनियमवाली २०७९ र आर्थिक प्रशासन विनियमावली २०७९ अनुमोदन गर्ने ।
छ) कम्पनीको चालु आ.व. २०७८/७९ र आगामी आ.व. २०७९/८० को बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।

**२. विशेष प्रस्ताव**
क) कम्पनीको संचालक समितिमा १ जना अनिवार्य महिला सदस्य रहने गरि कम्पनीको नियमावली संशोधन गर्ने ।

**३. विविध : कम्पनीका यावत गतिविधीका समिक्षा गर्ने ।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



### इष्टर्न हाइड्रोपावर लिमिटेड
ललितपुर १०, ललितपुर

**छैठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

यस कम्पनीको मिति २०७९ पौष ८ गतेको संचालक समितिको निर्णय अनुसार यस कम्पनीको छैठौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा वस्ने भएकोले सम्पूर्ण शेयर धनी महानुभावहरूलाई जानकारी सहीत उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**छैठौं वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**
मिति :- २०७९ पौष ३० गते शनिवार (तदनुसार १४ जनवरी २०२३)
समय :- विहान ८:०० वजे
स्थान :- होटेल हार्दिक, वागवजार, काठमाण्डौं ।

**छैठौं वार्षिक साधारण सभाका प्रस्तावहरू**

**१. सामान्य प्रस्तावहरू**
क) कम्पनीको तर्फवाट कार्यकारी अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०७८/७९ को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
ख) कम्पनीको आ.व. २०७८/७९ को लेखापरिक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।
ग) कम्पनीको आ.व. २०७९/८० को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
घ) कम्पनीको संशोधित नियमावलीको नियम २७(२) ख वमोजिम सर्वसाधारण समूहवाट प्रतिनिधित्व गर्ने १ जना संचालकको निर्वाचनको लागि अधिवक्ता श्री मनिस श्रेष्ठ लाई जिम्मेवारी दिने ।
ङ) कम्पनीको चालु आ.व. २०७८/७९ र आगामी आ.व. २०७९/८० को बजेट तथा कार्यत्रःम स्वीकृत गर्ने ।

**२. विशेष प्रस्ताव**
क) कम्पनीको संचालक समितिमा १ जना अनिवार्य महिला सदस्य रहने गरि कम्पनीको नियमावली संशोधन गर्ने ।

**३. विविध : कम्पनीका यावत गतिविधीका समिक्षा**

**साधारण सभा सम्बन्धी थप जानकारी**
१. कम्पनीको शेयर दाखिल खारेजको कार्य मिति २०७९।९।२० गते देखी मिति २०७९।९।२६ सम्म बन्द रहनेछ ।
२. साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात मिति २०७९/०९/२८ गते विहान ११ बजे भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । कम्पनीको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन पाइने छैन ।
३. एक जना शेयरधनीले एक भन्दा बढी प्रतिनिधी (प्रोक्सी) मुकरर गरेमा सवै प्रतिनिधी (प्रोक्सी) स्वतः बदर हुनेछ । तर प्रतिनिधी (प्रोक्सी) नियूक्त गरिसके पछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधीपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधीपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने व्यहोराको छुट्टै पत्र सहित प्रोक्सी फारम कम्पनीको रजिष्टर्ड कार्यालयमा सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधी (प्रोक्सी) स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधी (प्रोक्सी) लाई मान्यता दिइनेछ ।
४. बुदा नं. २ र ३ उल्लेखित दिन सार्वजनिक विदा परेमा समेत सो प्रयोजनको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, कार्यालय समयमा खुल्ला रहनेछ ।
५. यस कम्पनीको नियमावली अनुसार सर्वसाधारण समुह तर्फवाट संचालक समितिमा प्रतिनिधीत्व गर्ने १ जना संचालकको निर्वाचनका लागि निर्वाचन सम्वन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम रजिष्टर्ड कार्यालयको सूचना पाटिमा टांस गरिनेछ ।
६. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ ।
७. सभा हुने दिन सभामा उपस्थीतीका लागि हाजीर पुस्तीका विहान ८:०० बजे देखी खुल्ला रहने छ । हाजिर गर्नका लागि परिचय खुल्ने कागजातहरू नागरिकता प्रमाणपत्र, चालक अनुमतीपत्र आदी अनिवार्य प्रसतुत गर्नुपर्नेछ ।
८ साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा टेलिफोन नं ०१५५५०९३४ मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : LB ALUMINIUM BERHAD**
पूर्व स्वीकृति मिति २०७९/०५/०८ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/०८ LT. No. 270241 चलानी नं. ६०१८६०४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Workers | 34 | 0 | 1500 | ४४,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष १६ गते (31st Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८

**VARSHA MANPOWER PVT. LTD.**
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ADVANCED CONTRACTS COMPANY FOR OPERATION AND MAINTENANCE, ONE PERSON COMPANY**
पूर्व स्वीकृति मिति २०७८/०६/१२ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/०८ LT. No. 246922 चलानी नं. ६०१६४२२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Labor | 25 | 0 | 1000 | ३५,२२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Public Car Driver | 25 | 0 | 1500 | ५२,८४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष १६ गते (31st Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1342/074/75

**Muskan Overseas Pvt. Ltd.**
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## साउदी अरेबियामा रोजगारको अवसर

**कम्पनीः ETIMAD MAINTENANCE AND OPERATION COMPANY**
पूर्व स्वीकृति मिति २०७८/04/10 पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/०८ LT. No.241635 चलानी नं. ६०१७६५१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labor | 50 | 0 | 1000 | ३५,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष १६ गते (31st Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६१९/०६३/०६४

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org



**चौरमा पढ्दै बालबालिका** — सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका–११, इनरुवास्थित दलित राष्ट्रिय आधारभूत विद्यालयका विद्यार्थी विद्यालयपरिसरको चौरमा घाममा बसेर पढ्दै । *तस्बिरः अरुणकुमार यादव/रासस*

# बागमतीमा ३३ राजनीतिक दलको धरौटी जफत

**बागमती-** गत मंसिर ४ मा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनअन्तर्गत बागमती प्रदेशसभाका निर्वाचनमा ३३ वटा राजनीतिक दलको धरौटी जफत भएको छ । निर्वाचनमा प्रत्यक्षतर्फ ३५ र समानुतिकतर्फ ४० राजनीतिक दल निर्वाचनमा सहभागी भएका थिए । जसमध्ये ३३ राजनीतिक दलको धरौटी जफत भएको निर्वाचन आयोगद्वारा हेटौंडामा आयोजित एक कार्यक्रममा जानकारी दिइएको हो ।

आयोगका सचिव गोकर्णमणि दवाडीका अनुसार प्रदेशसभाको निर्वाचनमा सहभागी भएका प्रत्यक्षतर्फ पुरुष ५८८ र महिलातर्फ ८० गरी ६६८ जना र समानुपातिकतर्फ ७५४ जना उम्मेदवारको बन्दसूची कायम भएको थियो । जसमा १० प्रतिशतभन्दा कम मत प्राप्त गरेका ४१७ पुरुष र ६७ जना महिला गरी कूल ४८४ को जनाको धरौटी जफत भएको आयोगको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

आयोगले तयार गरेको निर्वाचन परिणाम प्रतिवेदनअनुसार बागमती प्रदेशमा सात वटा राजनीतिक दलको समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रदेशसभामा प्रतिनिधित्व भएको छ । प्रदेशसभातर्फ ११० जना निर्वाचित भएका छन् । जसमा पुरुष ७० जना र महिला ४० जना छन् । प्रदेशसभा सदस्य निर्वाचन, २०७९ का लागि बागमती प्रदेशमा महिला १७ लाख ३३ हजार ३७८ र पुरुष १७ लाख ३८ हजार ८७ तथा अन्य २७ गरी कूल ३४ लाख ७१ हजार ४९२ मतदाता थिए ।


# रंगेली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## रंगेली, मोरङ
## १ नं. प्रदेश नेपाल

## निर्माण तथा सामाग्री सप्लाई गर्ने कार्यको सूचना

**प्रथम पटक सूचना प्रकाशित भएको मिति : २०७९/०९/०९**

यस रंगेली नगरपालिकाको अगामी आ.व.०७९/८० को लागि तपसीलमा उल्लेखित निर्माण तथा सामाग्री सप्लाई गर्ने कार्य गर्नु पर्ने भएकोले नेपाल सरकारबाट सम्बन्धित कामको लागि इजाजत प्राप्त इच्छुक निर्माण ब्यबसायीहरू वा सप्लायर्स वा फर्महरूबाट निम्न शर्तहरूको अधिनमा रही निर्माण तथा सामाग्री ढुवानी गर्ने कार्यको लागि रीतपूर्वक शिलबन्दी बोलपत्र आह्ववानको ३० (तीस) दिने सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फारम खरिद गर्न इच्छुक व्यवसायीहरू वा सप्लायर्स सम्बन्धित फर्मको लेटरप्याडमा अधिकार प्राप्त ब्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्र साथ आ.व.२०७८/०७९ को नवीकरण तथा चालु आ.व.को लागि मान्यता प्राप्त भएको फर्म वा सप्लायर्सको प्रमाणपत्र, व्यवसाय ईजाजतपत्र, स्थायीलेखा दर्ता न. एवं आयकर तथा मु.अ.कर दर्ता प्रमाण पत्र (भ्याट) को विवरण पेश गरेको कागजात सहित पेश गर्नुपर्ने छ ।

२. बोलपत्र फाराम दस्तुर रु.३०००।०० (तीन हजार) (फिर्ता नहुने गरि) नगद यस कार्यालयको नेपाल कृषि विकास बैंक शाखा रंगेलीमा रहेको राजश्व खाता नं.ग (१.१) ०६०१४०११५०२५७०११ मा जम्मा गरि जम्मा गरेको बैंक भौचर यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० औं दिन (२०७९/१०/०८) सम्म कार्यालय समय भित्र यस कार्यालयबाट फाराम खरिद गर्न सकिनेछ ।

३. खरिद गरिएका बोलपत्रहरू यो सूचना प्रथम पटक प्रकाशित भएको मिति (२०७९/१०/०९) ले ३१ औं दिनको दिउसो १२.०० बजे भित्र नगरपालिकाको कार्यालयको नाममा सम्बोधन गरि ठेक्का नं., बोलपत्रवालाको नाम,ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई अनिवार्य रूपमा लाहाछाप गरि यस कार्यालयमा दर्ता गराउन सकिने छ ।

४. दर्ता भएका सीलबन्दी बोलपत्रहरू नियमानुसार कार्यालयका प्रतिनिधिहरूको रोहवरमा सोही दिन दिनको २.०० बजे खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने वा खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिनको सोही अनुसारको समयमा खरिद गर्ने, दर्ता गर्ने वा खोल्ने काम हुनेछ ।

६. बोलपत्र सम्बन्धि कागजात दाखिला गर्दा बोलपत्र फारममा उल्लेख भए बमोजिमका कुराहरू खुलेको प्रमाण बोलपत्र साथ अनिवार्य रूपमा पेश गर्नुपर्ने छ ।

७. बोलपत्र फारम पेश गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिइएकोलाई मान्यता दिइनेछ । साथै केरमेट भएको ठाउँमा सही छाप हुनु पर्नेछ ।

८. बोलपत्र साथ जमानत वापत तपशिलमा उल्लेखित रकम यस कार्यालयको कृषि विकास बैंक शाखा रंगेलमा रहेको ग (३.१) धरौटी खाता नं. ०६०१४०११५०२५७०७९ मा जम्मा गरि जम्मा गरेको बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको खोलिने दिन देखि) जमानी पत्र समावेश भएको हुनु पर्नेछ ।

९. कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. बोलपत्र सम्बन्धी केही बुझ्नुपरेमा यस कार्यालयको फोन न. ९८०२७७७६०६ मा सम्पर्क राख्न सकिने छ ।

११. बोलपत्र फाराम र यस सूचनामा लेखिएका कुराहरूको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३, र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

१२. दररेट आइटम वाईजमा पेश गर्नुपर्नेछ र सबभन्दा घटी प्रत्येक आइटमको दररेटलाई मान्यता दिइनेछ ।

१३. बोलपत्रमा उल्लेख गरिएको स्पेसिफिकेसन बमोजिम को सामान उपलब्ध गराउनु पर्नेछ ।

**तपसिल**

| S.No | Contract Identification No. | Name of Project | Bid security Amount NRs. | Remarks |
|---|---|---|---|---|
| 1. | NCB/Rangeli/ Works/29/079/80 | Jarbitole,Shukrabare Danga-tole, Buspark Blacktop Road Repair Rangeli-7 | 175000.0 | |
| 2. | NCB/Rangeli/ Goods/30/079/80 | Supply of electrical Equipments and fitting for Street Light | 85000.0 | |
| 3. | NCB/Rangeli/ Goods/31/079/80 | Supply of electric cables for Street Light | 65,000.0 | |


## हलिया मुक्तिको डेढ दशक

# पुनःस्थापनाको काम अझै अपूरै

■ राजेन्द्रप्रसाद पनेरु

**कञ्चनपुर-** सुदूरपश्चिम प्रदेशमा बाँधा श्रमका रूपमा रहेको हलिया प्रथा उन्मूलन भएको डेढ दशक बित्नै लागेको छ । हलिया मुक्तिको घोषणापश्चात् पुनःस्थानको कार्य अगाडि बढाइएको छ ।

पुनःस्थापनाको कार्य अगाडि बढाइएको आठ वर्ष बिते पनि हालसम्म टुंगोमा पुग्न सकेको छैन । जग्गा र निर्माण सामग्रीको बढेको मूल्य बढ्दा पुनःस्थापना प्याकेज पुरानै छ । पुनःस्थापनाको रकम थोरै हुँदा समयसापेक्ष बनाउनुपर्ने माग उठ्न थालेको छ । पुनःस्थापनाका लागि सरकारले दिने रकम न्यून रहेको राष्ट्रिय मुक्त हलिया समाज कञ्चनपुरका अध्यक्ष शिवि लुहार बताउँछन् । 'जग्गा खरिद, घर निर्माण, मर्मत गर्न एक दशकअघि तयार गरिएको प्याकेजअनुसारको रकम छ,' उनले भने, 'त्यसको पुनरवलोकनका लागि संघदेखि प्रदेश सरकारसम्म पुगेका छौं, अझै पनि पुनःस्थापना प्याकेजको रकममा वृद्धि गरिएको छैन । यसले गर्दा पुनःस्थापनाको कार्य अगाडि बढाउन कठिन भएको छ ।' उनका अनुसार पुनःस्थापना प्याकेजको ७२३ परिवारले दोस्रो किस्ताको रकम नपाउँदा घर निर्माण गर्न सकेका छैनन् ।

पुनःस्थापना प्याकेजअन्तर्गत तराई पहाडमा जग्गा खरिदका लागि दुई लाख, घर निर्माणका लागि पहाडमा तीन लाख २५ हजार र तराईमा दुई लाख २५ हजार रूपैयाँ तथा घर मर्मतका लागि एक लाख २५ हजार रूपैयाँ रकम निर्धारण गरिएको छ ।

निर्धारण गरिएको रकम समयमै निकासा नहुँदा पुनःस्थापनाको कार्यले गति लिन नसकेको अध्यक्ष लुहार बताउँछन् । पुनःस्थापनाको अवस्था हेर्दा सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशमा गरी १६ हजार ९५३ मुक्त हलिया परिवार प्रमाणीकरणमा परेका छन् । प्रमाणीकरणमा परेकामध्ये १४ हजार २४२ जनाले परिचयपत्र पाएका छन् । मुद्दा प्रक्रियाद्वारा अर्धन्यायिक निकायबाट प्रमाणित भई परिचयपत्र पाएकामुक्त हलियाको संख्या ५४ रहेको छ । हालसम्म 'क' वर्गको परिचयपत्र पाउने एक हजार ८३८, 'ख' वर्गको परिचयपत्र पाउने तीन हजार ६६३, 'ग' वर्गको परिचयपत्र पाउने एक हजार १७२ र 'घ' वर्गको परिचयपत्र पाउने सात हजार ५६९ रहेका छन् ।

सुदूरपश्चिम प्रदेशका नौ जिल्ला र कर्णाली प्रदेशका तीन जिल्ला गरी १२ जिल्लामामुक्त हलियाको बसोबास रहेको छ । हालसम्म १२ वटै जिल्लामा पुनःस्थापना भएका मुक्त हलियाको संख्या १३ हजार ५४६ रहेको छ । जग्गा खरिद र घर निर्माण दुई हजार ३४२, घर निर्माण मात्र भएको एक हजार १९६, जग्गा मात्र खरिद भएको ८०३ र घर मर्मत भएको आठ हजार २१९ रहेका छन् ।

प्रमाणीकरण गर्न बाँकी १४ हजार ९९ घरधुरी रहेका छन् । प्रमाणीकरण भई परिचयपत्र प्राप्त गर्न बाँकी रहेका दार्चुलाका २५, बैतडीका १३९, बझाङका ७९, बाजुराका १४२ र डोटीका ५६ गरी ४४१ घरधुरी छन् । पुनःस्थापना हुन बाँकी रहेको संख्या दुई हजार ७११ रहेका छन् ।

राष्ट्रिय मुक्त हलिया समाज महासंघ नेपालका अध्यक्ष ईश्वर सुनार पुनःस्थापनामा मुख्य चुनौतीका रूपमा उपयुक्त ठाउँमा जग्गा नपाउनु र पुनःस्थापना प्याकेजको रकममा वृद्धि नहुनुलाई मान्छन् । 'पुनःस्थापनाका लागि सरकारले छुटयाइएको रकम थोरै छ,' उनले भने, 'उपयुक्त ठाउँमा त्यो पैसामा जग्गा पाइँदैन, बजारभन्दा निकै टाढाका क्षेत्रमा जग्गा खरिद गरी पुनःस्थापना गर्दा त्यो कार्य दिगो हुन सकेको छैन ।' टाढाको क्षेत्रमा पुनःस्थापना गर्दा रोजगारीको समस्या रहेको उनले बताए ।

'ग्रामीण क्षेत्रमा पुनःस्थापना भएका मुक्त हलिया परिवारलाई जीविका चलाउन समस्या हुने गरेको छ,' उनले भने, 'त्यही भएर परिवारसहित रोजगारीका लागि पुनःस्थापना गरिएको बस्ती छाडेर अन्यत्र जानुपर्ने बाध्यता छ ।' स्थानीय ठाउँमा मौसमी कृषि मजदुरका र केहीले निर्माणको क्षेत्रमा काम पाउने गरेका छन् । बढ्दो महँगीमा कम आम्दानीले परिवारको जीविका चलाउन नसकिने अवस्था रहेको मुक्त हलिया परिवारका महेश विकले बताए । 'कञ्चनपुरको महेन्द्रनगरमा रहेको होटलमा काम गर्थें,' उनले भने, 'दुई महिना जति काम गरें, दलित समुदायको व्यक्ति भएको थाहा भएपछि पुरानो मान्छे आयो, त्यसलाई काम दिनुपर्छ भनेर निकाल्यो, होटेलमा गर्दै आएको कामबाट निकालिएपछि थोरै ज्यालामा गाउँमै काम गर्दा घरका लागि खान पुग्नेगरी चामल दाल किन्न मुस्किल छ ।'

स्थानीय ठाउँमा जातीय विभेदका कारण काम नपाइने भएपछि अधिकांश मुक्त हलिया परिवार जीविकोपार्जनको खोजीमा भारतका सहरमा पहरेदार, भान्छे र जोखिमयुक्त निर्माण मजदुरको रूपमा काम गर्न बाध्य छन् । विस्थापित मुक्त हलियाले आफ्ना आधारभूत पारिवारिक आवश्यकता पूरा गर्न भारतीय सहरमा काम गर्दै आएका छन् ।

भारतमा कमाएको रकमको केही हिस्सा पारिवारको खर्चका लागि पठाउने गरेका छन् । त्यसबाटै मुक्त हलिया परिवारको जीविकोपार्जन हुने गरेको छ । मूल्यवृद्धि र बेरोजगारका कारण मुक्त हलियाको अवस्था कहालीलाग्दो रहेको हलिया मुक्तिको आन्दोलनका अगुवा हरि श्रीपालीले बताए । 'अधिकांश मुक्त हलिया भूमिहीन, भूमि-गरिब र शोषित पीडित छन्,' उनले भने, 'बालबालिका, गर्भवती महिला, बिरामी र वृद्ध व्यक्तिले नियमितरूपमा पोषणयुक्त खाद्यान्नको चरम अभावको सामना गरिरहेका छन् ।'

'बिहान खाएपछि साँझ के खाने भन्ने पिरलो हुन्छ,' भीमदत्त नगरपालिका बागफाँटामा अस्थायीरूपमा बस्दै आएकी जानकी लावडले भनिन् । घरका एक जनाले मजदुरी गरेर ल्याएको ५०० रूपैयाँमा छ जनाको परिवारको खर्च चलाउनुपर्ने उनको बाध्यता छ । 'बुबा, बाजे, ससुरा सबै जनाले पुस्तौंदेखि हलिया बसेर कार्य गरे, हलियामुक्तिको घोषणापछि जुन घरमा काम गर्दथ्यौं । उहाँले मुक्ति भएकाले राख्न नसकिने बताएपछि दुई छाक खानाको खोजीमै तराई झरेका हौं, उनले भनिन्, 'तराई झरे पनि पेट पाल्नकै दुःख छ, वास्तविक हलिया भए पनि हालसम्म परिचयपत्र पाउन सकेका छैनौं ।'

शिक्षा निःशुल्क भनिए पनि मुक्त हलियाका बालबालिकाबाट सामुदायिक विद्यालयबाटै शुल्क असुल्ने कार्य भइरहेको उनको भनाइ छ । विद्यालयमा शुल्क लिने भएकाले बालबालिकालाई विद्यालयबाट छुटाएर आफूसँगै ज्याला मजदुरीमा संलग्न राख्नुपर्ने अवस्था रहेको उनी सुनाउँछिन् । नेपालको संविधानको धारा ४० को उपधारा २ मा दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म निःशुल्क शिक्षाका लागि छात्रवृत्ति दिने व्यवस्था भए पनि मुक्तहलियामा ९७ प्रतिशत दलित समुदायका बालबालिकाले यो अवसर नपाएको मुक्त हलिया अगुवा श्रीपाली बताउँछन् ।

यस्तै उपधारा ५ र ६ ले हरेक भूमिहीन दलितलाई राज्यले एक पटकका लागि जमिन दिने र राज्यले आवास उपलब्ध गराउने प्रावधान पनि कार्यान्वयन नभएको उनको भनाइ छ । मुक्त हलिया समस्या अध्ययनका लागि सरकारले गत वर्ष वरिष्ठ अधिकारकर्मी श्याम श्रेष्ठको संयोजकत्वमा पाँच सदस्यीय टोली गठन गरेको थियो । टोलीले मुक्त हलिया, कमलरी, हरूवाचरुवाको अवस्था अध्ययन गरी प्रतिवेदन सरकारलाई बुझाएको छ ।

सो प्रतिवेदनकै आधारमा सरकारले मुक्त हलियाको पुनःस्थापनासँगै शिक्षा, स्वास्थ्य, रोजगारमा पहुँच पुऱ्याउनुपर्ने माग हलिया अगुवाको रहेको छ । राष्ट्रिय मुक्त हलिया समाज महासंघ नेपालले संकलन गरेको तथ्यांकमा १५ हजार मुक्त हलिया प्रमाणीकरण हुनबाट छुटेको देखिन्छ । स्वदेशमा रोजगारको व्यवस्था नहुँदा भारतमा बसाइँ सरेका छ हजार ७८१, एकल महिला एक हजार ५२५, दीर्घकालीन रोगबाट प्रभावित एक हजार १८६, भूमिहीन मुक्त हलिया १२ हजार २६, दैनिक ज्याला मजदुरी गरी जीविकोपार्जन गर्ने १३ हजार ५६२ मुक्त हलिया रहेका छन् ।

अझै पनि धेरै मुक्त हलिया उचित पुनःस्थापना प्याकेज प्राप्त गर्न अनिश्चितताका कारण र हलिया परिचयपत्र प्राप्त गर्नबाट वञ्चित भएपछि कृषि बन्धक मजदुरको रूपमा काम गरिरहेका छन् । मुक्त हलियासम्बन्धी छुट्टै कानुनको अभावमा पुनःस्थापनापछिका जीविकोपार्जनका कार्यक्रममा मुक्त हलिया समुदायका व्यक्तिको सहभागिता हुन सकेको छैन । मुक्त हलियाको क्षेत्रमा क्रियाशील हरिसिंह बोहराले भने, 'अघिल्लो प्रदेश सरकारले कानुन बनाउने भन्दाभन्दै कार्यकाल सकियो, अब बन्ने नयाँ प्रदेश सरकारलाई कानुन बनाउनका लागि घच्घच्याउँछौं ।' हलियामुक्तिको आन्दोलनको सुरुआत सन् २००३ मा दार्चुलाको उकु गाविसबाट भएसँगै दासत्वमुक्ति हुन झण्डै पाँच वर्ष लाग्यो । सरकारले सन् २००८ मा हलिया मुक्तिको घोषणा गरेको थियो । *रासस*

# कञ्चनपुरमा सवारी दुर्घटना बढ्दो

**बेदकोट-** कञ्चनपुरमा पछिल्लो समय सवारी दुर्घटना बढ्दो छ । चालक, पैदलयात्रीलगायतले ट्राफिक नियमको पालना नगर्दा सवारी दुर्घटना बढ्दै गएको जिल्ला ट्राफिक प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी निरीक्षक उमेश चन्दले बताए ।

'सडकमा हिँड्दा चालक, पैदलयात्रीले ट्राफिक नियमको पालना गर्न लापरवाही गर्छन्, सवारीसाधन र यात्रुको सडकमा चाप बढ्यो, सडक साँघुरा छन्,' उनले भने, 'मापसे गरेर गाडी चलाउने गर्दा सडकमा हुने दुर्घटनाका घटना बढ्दै छन् ।'

जिल्ला ट्राफिक प्रहरी कार्यालयको तथ्यांकअनुसार दुई वर्षमा कञ्चनपुरमा १९० वटा सवारी दुर्घटनाका घटना भएका छन् । जसमा ६८ जनाले ज्यान गुमाएका छन् ।

आर्थिक वर्ष २०७७/७८ मा ९३ र आव २०७८/७९ मा ९७ सवारी दुर्घटना भएका थिए । चालु आवको हालसम्म ३३ वटा सवारी दुर्घटना भएका छन् ।

सवारी दुर्घटनामा परेर आव २०७७/७८ मा ३५ र आव २०७८/७९ मा ३३ जनाको मृत्यु भएको थियो । चालु आवमा सवारी दुर्घटनामा परी २१ जनाको मृत्यु भएको छ । आव २०७७/७८ यता २२२ मोटरसाइकल दुर्घटनामा परेका छन् । *रासस*

# वर्षा प्रभावितलाई नेपाल रेड्क्रसको राहत

**हुम्ला (प्रस)-** वर्षाका कारण क्षतिग्रस्त हुम्लाका ११३ घरधुरीलाई नेपाल रेडक्रस सोसाइटीले राहत वितरण गरेको छ । गत असोज तेस्रो साता आएको अविरल वर्षाका कारण क्षति पुगेका ती घरधुरीलाई राहत प्रदान गरिएको हो ।

नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयका वरिष्ठ लेखा अधिकृत माया नान्यको टोलीले जिल्ला प्रशासन कार्यालय हुम्लाको रोहबरमा राहत वितरण गरेको हो । वर्षाका कारण सिमकोट गाउँपालिकाका ५६, अदानचुली गाउँपालिकाका २५, खार्पुनाथ गाउँपालिकाका २८ र चंखेली गाउँपालिकामा चार घरधुरीमा क्षति पुगेको थियो ।

क्षतिग्रस्त घरधुरीलाई १० हजार रूपैयाँका दरले राहत वितरण गरिएको नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा हुम्लाका सभापति गणेशबहादुर महतले जानकारी दिए ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# मुलुक बनाउने जिम्मेवारी

बिहीबार शपथ ग्रहण गरेसँगै प्रतिनिधिसभामा निर्वाचित सांसदहरूको कार्यकाल औपचारिकरूपमा सुरु भएको छ। गत मंसिर ४ गते सम्पन्न निर्वाचनबाट निर्वाचित सांसदहरूले प्रतिनिधिसभाका ज्येष्ठ सदस्य पशुपतिशमशेर जबराबाट शपथ लिएका हुन् । शपथ लिन नवनिर्वाचित सांसद राष्ट्रिय पोसाक तथा आ–आफ्नो साँस्कृतिक पहिचान झल्कने पोसाकमा सजिएर संसद् भवन पुगे थिए । जुन दृश्यले विविधतायुक्त मुलुकको वास्तविक अनुहार झल्काएको थियो।

साथै, २६ जना सांसदले विभिन्न १४ मातृभाषामा शपथ लिए। यसले विभिन्न मातृभाषा बोल्ने समुदायहरूको प्रतिनिधित्व संसद्मा झल्काएको छ। त्यतिमात्र होइन मुलुकभित्र बोलिने सबै भाषालाई राष्ट्र भाषा मान्ने नेपालको संविधानमा उल्लिखित व्यवस्था व्यवहारमा कार्यान्वयन भएको अनुभूति गराएको छ।

शपथ ग्रहणसँगै आफ्नो काँधमा थपिएको जिम्मेवारी सांसदहरूले भुल्नु हुँदैन । सांसदहरूको मुख्य भूमिका भनेको मुलुकको लागि आवश्यक कानुन निर्माण गर्ने हो। संविधानमा उल्लिखित व्यवस्थाहरूलाई कार्यान्वयनमा ल्याउन आवश्यक ऐन कानुन निर्माण गर्न उनीहरूले अग्रणि भूमिका खेल्नुपर्छ। यस्तो ऐन कानुन निर्माण गर्दा मुलुक र जनताको हितमा हुनुपर्छ। ऐन कानुन कसैको स्वार्थप्रेरित हुनु हुँदैन। यदि त्यसरी ऐन कानुन बनाउन खोजिए सांसदरुले इमान्दार भएर त्यसको विपक्षमा उभिनुपर्छ। सीमित व्यक्ति वा समूह वा व्यवसायीको फाइदाका लागि नयाँ ऐन, कानुन बनाउने वा पुरानोलाई संशोधन गर्ने कार्यलाई रोक्नुपर्छ। यसका लागि सांसदहरू सशक्तरूपमा उभिन जरुरी छ। साथै, यी कानुनहरूको कार्यान्वयन गराउन सरकारलाई निर्देशित गर्ने भूमिकामा पनि सांसदहरू रहन्छ।

अहिले मुलुकको मुख्य सवाल भनेको विकास र समृद्धि हासिल गर्नु हो। यो सम्पूर्ण नेपालीको चाहना, सपना हो। रोजगारीका लागि विदेशिन नपरोस्, आफ्नै देशमा उच्च शिक्षा, स्वास्थ्यको व्यवस्था होस् भन्ने चाहना छ। यसका लागि राजनीतिक स्थायित्व पहिलो सर्त हुने गर्दछ। विगतमा अस्थिर राजनीतिकै कारण मुलुकले अपेक्षित फड्को मार्न नसकेको हो। त्यसैले अब राजनीतिक स्थायित्व कायम गरी विकास र समृद्धिको लक्ष्यमा पुग्ने मार्ग तय गर्न नवनिर्वाचित सांसदहरूले भूमिका खेल्नुपर्छ।

मुलुकमा व्याप्त भ्रष्टाचार, अनियमिततालगायतका विकृति नियन्त्रणमा सशक्त भूमिका खेल्नुपर्छ। चुनावमा जनतासमक्ष गरेका वाचाहरू पूरा गर्न इमान्दारिताका साथ लाग्नुपर्छ। जनताले ठूलो आशा र भरोसासहित जिताएर पठाएका छन्। आगामी पाँच वर्षमा मुलुकलाई कस्तो बनाउने ? कुन दिशामा मुलुकलाई लैजाने ? भन्ने जिम्मेवारी जनताले सांसदहरूको हातमा सुम्पिएको छ। यो जिम्मेवारीमा सांसदहरू चुक्नु हुँदैन।

मुलुकमा पटक–पटक व्यवस्था फेरियो तर देश र जनताको अवस्था फेरिन सकेको छैन। विभिन्न आन्दोलनबाट प्राप्त वर्तमान संघीय व्यवस्थालाई समृद्ध बनाउनुपर्ने आजको आवश्यकता हो। यो व्यवस्था आएको धेरै समय भएको छैन। यद्यपि, यो व्यवस्थाप्रति असन्तुष्टिका आवाजहरू उठ्न थालेका छन्। व्यवस्था परिवर्तनका कुरा पनि उठेका छन्। तर, व्यवस्था परिवर्तन समाधान होइन। यसमा रहेका कमी कमजोरीहरूलाई सुधार गर्दै यसलाई संस्थागत गर्नुपर्ने आवश्यकता छ। यसतर्फ सांसदहरूको ध्यान जान जरुरी छ। आगामी पाँच वर्षमा जनअपेक्षा पूरा हुनेगरी काम गर्न सफल होस्, नवनिर्वाचित सांसदहरूलाई शुभकामना !

# जुम्लाका तीन भाग्यमानी छोरी

▶▶ शुरबहादुर सिंह








वि.सं. २०७० मा एक महिला र तीन पुरूषले जुम्लाबाट संसद्मा प्रतिनिधित्व गरेका थिए । गत मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा जुम्लाबाट ज्ञानबहादुर शाही विजयी भए भने तीन महिला क्रमशः कांग्रेसका **कान्तिका सेजुवाल**, नेकपा माओवादी केन्द्रबाट **छिरिङ ल्हामु लामा** र राष्ट्रिय स्वतन्त्र पार्टीका **विनिता कठायत**ले जुम्लाबाट संसद्मा प्रतिनिधित्व गर्दै छन् ।

भनिन्छ, २००७ सालमा प्रजातन्त्र आउँदा कर्णालीवासीले एक वर्षपछि मात्रै थाहा पाएका थिए । वि.सं. २०१५ सम्म भएका राजनीतिक घटनाक्रमका बारेमा पनि कर्णालीलाई त्यति धेरै थाहा नभएको यहाँको पाको पुस्ता बताउने गर्दछन्। वि.सं. २०२१/०२२ सालपछि मात्र जुम्लाले केन्द्रमा प्रतिनिधित्व गर्न थालेको पाइन्छ।

बहुदलीय व्यवस्था आउनुपूर्व केन्द्रमा पुरुष प्रतिनिधित्व हुँदै आए पनि प्रजातन्त्रको प्रादुर्भावपछि सात दशकको अन्तरालमा मात्र जुम्लाले संसद्मा महिला प्रतिनिधित्व गर्ने अवसर प्राप्त गऱ्यो । बहुदलदेखि लोकतान्त्रिक गणतन्त्र आउँदा पनि जुम्लाका नीतिगत तहमा केन्द्रमा पुग्न सकेनन्। वि.सं. २०७० पछि बल्लतल्ल जुम्लाबाट संसद्मा महिला प्रतिनिधित्वको सुरुआत भयो।

पञ्चायतकालीन शासन व्यवस्थामा २०२० सालपछि जुम्लाबाट सुरुमा रमाकान्त न्यौपानेले जिते । त्यसपछि अदनसिंह कठायतले जुम्लाबाट केन्द्रमा प्रतिनिधित्व गरेका थिए। कठायत कालीकोट जिल्ला कायम नहुँदै राजाको पालामा सहायकमन्त्रीसमेत भएका थिए। पछि उनलाई पराजित गर्दै तिब्रीकोटका धर्मदत्त उपाध्याय विजयी भए जतिबेला तिब्रीकोट जुम्लाभित्रै थियो।

जुम्लाबाट तिब्रीकोट अलग भएर कालीकोट कायम भएपछि हरिचन्द्र महत निर्वाचित भए । उनी राजाको पालामा दुईपटक मन्त्री भएको वामपन्थी बुद्धिजीवी रामकृष्ण बुढ्थापाले जानकारी दिए । उनका अनुसार पछिल्लोपटक महत जलस्रोत तथा यातायातमन्त्री पनि बनेका थिए। कोहलपुर वनवासाको मुद्दामा भारतविरुद्ध अडान लिएर आफ्नो व्यक्तित्व कायम गरेका उनले जुम्लामा पहिलोपटक विद्युत् पूर्वाधार निर्माण गरेका थिए।

बहुदलीय व्यवस्था प्राप्तिपश्चात् २०४८ सालयताको संसदीय इतिहासलाई पल्टाउँदा संसद्मा महिला प्रतिनिधित्व हुन जुम्लालाई दुई दशकभन्दा बढी समय लाग्यो । उतिबेला जुम्लामा महिला नेतृत्वहरू खोज्नुपर्ने अवस्था थियो।

जुम्लाबाट २०४८ देखि २०६९ सालसम्म वामपन्थीले सांसद बनेर संसद्मा प्रतिनिधित्व गरे। वि.सं. २०४८ नेपाल मजदुर किसान पार्टीबाट डिल्लीबहादुर महतले संसद्मा प्रवेश गरेका थिए। त्यस्तै २०५१ सालमा नेमकिपाकै भक्तबहादुर रोकाय विजयी भएर संसद्मा प्रतिनिधित्व गरे।

वि.सं. २०५६ को संसदीय निर्वाचनमा नेकपा एमालेका देवीलाल थापा सांसद बने। वि.सं. २०६३ मा संसद् पुनःस्थापना हुँदा पनि थापा मनोनीत भए । वि.सं..२०६४ को संविधानसभा सदस्यको निर्वाचनमा भने नेकपा माओवादीबाट नरेश भण्डारीले जिते । त्यससँगै समानुपातिक सांसदमा एमालेकै थापा छानिएका थिए। त्यस बेलादेखि प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली सुरुआत भए पनि जुम्लाबाट संसद्मा महिला प्रतिनिधित्व हुन सकेन।

वामपन्थीको बलियो किल्लाको विजयको क्रमभंगता भने वि.सं. २०७० सालको दोस्रो संविधानसभाको निर्वाचनबाट भयो। उक्त निर्वाचनमा नेकपा एकीकृत माओवादीका उम्मेदवार गजेन्द्रबहादुर महतलाई पराजित गर्दै जुम्लाबाट नेपाली कांग्रेसका ललितजंग शाही विजयी भएका थिए।

वि.सं. २०५२ यता नेकपा माओवादीले सञ्चालन गरेको १० वर्षे सशस्त्र विद्रोह र २०६२/६३ को जनआन्दोलनपश्चात् २०६४ चैत २८ गते सम्पन्न पहिलो संविधानसभाको निर्वाचनबाट प्रत्यक्ष तथा समानुपातिक प्रणालीबाट मुलुकका धेरै महिलाले संसद्मा प्रतिनिधित्व हुने अवसर पाए पनि जुम्लालाई त्यो अवसर जुटेन।

वि.सं. २०७० बाट मात्र जुम्लाले पहिलोपटक संसद्मा महिलाले प्रतिनिधित्व गर्ने अवसर प्राप्त गऱ्यो । त्यो अवसर पाउने महिला थिइन् एकीकृत माओवादीकी गोमा गौतम (कुँवर)। उनी समानुपातिक सांसद चुनिएकी थिइन्। एमालेबाट बलबहादुर महत र नेमकिपाबाट डिल्लीप्रसाद काफ्लेले संसद्मा प्रतिनिधित्व गरे । वि.सं. २०७४ को संसद्मा भने जुम्लाले महिला प्रतिनिधित्व हुन पाएन ।

वि.सं. २०७० मा एक महिला र तीन पुरुषले जुम्लाबाट संसद्मा प्रतिनिधित्व गरेका थिए। गत मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा जुम्लाबाट ज्ञानबहादुर शाही विजयी भए भने तीन महिला क्रमशः कांग्रेसका कान्तिका सेजुवाल, नेकपा माओवादी केन्द्रबाट छिरिङ ल्हामु लामा र राष्ट्रिय स्वतन्त्र पार्टीका विनिता कठायतले जुम्लाबाट संसद्मा प्रतिनिधित्व गर्दै छन्।

राजाका पालामा चुनिनेबाहेक जुम्लाबाट प्रत्यक्षतर्फ राष्ट्रिय प्रजातन्त्र पार्टीका ज्ञानबहादुर शाही यो चुनावमा अधिकतम मतले विजयी भए। अन्य तीनै दलका महिला समानुपातिक निर्वाचन प्रणालीबाट चुनिएर गएका हुन् । जुम्लाको इतिहासमा राप्रपाबाट प्रत्यक्ष सांसदमा निर्वाचित हुने शाही पहिलो व्यक्ति हुन्।

### भाग्यमानी विनिता !

भनिन्छ, 'समय शक्तिशाली मात्र छैन, यसले परम्परागत हरेक संरचना र परिस्थितिमा अनपेक्षित परिणाम ल्याइदिन्छ।' यसको ज्वलन्त उदाहरण बनेकी छन्, जुम्लाकी विनिता कठायत । यसपटकको समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत प्रतिनिधिसभा सदस्यमा चुनिएकी जुम्ला चन्दननाथ नगरपालिका-५ की कठायत उमेरका हिसाबले नेपालकै दोस्रो कान्छी सांसद छिन्।

रास्वपाले समानुपातिकतर्फ ११ लाख ३० हजार ३४४ मत ल्याएर १३ सिट ल्याउन सफल भयो । जसमा २६ वर्षीय कठायत कर्णालीबाट खस आर्य पिछडिएको क्षेत्रको प्रतिनिधित्व गर्दै सांसद बन्न सफल भइन् । भर्खरै रोपेको पार्टीमा सानै उमेरमा त्यो पनि प्रतिनिधिसभा सदस्य हुन पाउने उनी भाग्यमानी छोरी बनेकी छन् । अहिले पनि धेरै महिलाले विनितालाई भाग्यमा लेखेर आएकी छोरी भनेर पिठचुँमा धाप लगाउँदै बधाई तथा शुभकामना व्यक्त गर्दै आएका छन् । कर्णालीको खस भाषामा भन्दा विनिता अत्यन्तै भाग्यमानी छोरी पनि हुन्।

मूलतः यो तहमा आइपुग्नुमा आजको संघीय व्यवस्था, समानुपातिक निर्वाचन प्रणाली र रास्वपा पार्टीलाई नै श्रेय दिन्छिन्, सांसद कठायत। 'त्यति लामो समय पनि होइन। म पार्टीमा तीन/चार महिना जति मात्र सक्रिय भएँ,' उनले भनिन्, 'पार्टीले चुनावमा भाग लिएपछि जुम्लाबाट समानुपातिकको बन्दसूचीमा नाम गएको थियो।'

चुनावमा भोट आउला र म सांसद बनुला भन्ने आशा त कल्पना नै नगरेको उनले बताइन्। उनले भनिन्, 'पार्टीमा तत्काल केही योगदान नै थिएन। त्यस्तो कर्म पनि गरिएको होइन। लामो समय राजनीति गरेका व्यक्तित्व यो ठाउँमा पुग्न नसकिरहँदा कर्णाली तथा सुदूरपश्चिम नेपालमा रास्वपाबाट प्रतिनिधित्व गर्दै सांसद हुने एक मात्र मलाई अवसर मिल्नु मेरा लागि भाग्य नै हो।'

सन्ध्या फाउण्डेसनको संस्थापक कोषाध्यक्ष, हाल उपाध्यक्ष र हिमानी ट्रस्ट जुम्लाको संयोजकको भूमिकामा रहेर काम गरेकी उनले विगतमा कठायत परिवारको राजनीतिक विरासतले आफू यहाँ पुगेको बताइन्। अब संसद्मा जुम्लाको शिक्षा, बाटो, स्वास्थ्य, बजेट र रोजगार विषय कुरा राख्ने योजना बनाएको उनले सुनाइन्।

जुम्लालगायत कर्णाली तथा सुदूरपश्चिम नेपालको पछिल्लो समयमा भयावह अवस्थामा फैलिएको लागुऔषध दुर्व्यसनीको नियन्त्रण, रोकथाम तथा न्यूनीकरणका लागि सम्बन्धित सरोकारवालालाई उत्तरदायी बनाउने र त्यसका लागि अभियानात्मक कार्यक्रम गर्ने कठायतले बताइन्। उनका अनुसार उक्त अभियानका निम्ति स्थानीय तहसँग समन्वय गरेर अघि बढिनेछ।

### व्यवस्थाका कारण अवसर पाएकी लामा

माओवादीले समानुपातिकतर्फका १४ सांसदको नाम टुंग्याउँदा जुम्लाबाट छिरिङल्हामु लामा पनि चुनिन सफल भइन्। उनी आदिवासी जनजाति पिछडिएका क्षेत्रबाट समानुपातिक प्रतिनिधिसभा सदस्य बनेकी हुन्।

उमेरका हिसाबले ३० वर्षीया लामा चन्दननाथ नगरपालिका-६ जुम्ला निवासी हुन्। जुम्लाको कृषि, सुशासन र महिला तथा बालबालिकाको सुरक्षा र अधिकार सुनिश्चितताका क्षेत्रमा काम गर्ने लामाले बताइन्। 'आज देशभरिका जति महिला, उत्पीडित, उपेक्षित, पिछडिएको, अल्पसंख्यक र सीमान्तकृतहरू वर्ग जातिहरूका मानिस सबैलाई नीतिगत तहमा पुऱ्याउन समानुपातिक निर्वाचन प्रणालीले ठूलो भूमिका खेलेको छ,' उनी भन्छिन्, 'त्यो तत्कालीन माओवादीले आजको व्यवस्था ल्याउन खेलेको जीवित उदाहरण हो। जसका कारण आज हामीले ठूलो अवसर हात पार्न सफल भएका छौं।'

### सेजुवाल पूर्वघोषित समानुपातिक सांसद

नेपाली कांग्रेसले देशभरि प्राप्त गरेको समानुपातिकतर्फको ३२ सिटमा जुम्लाबाट नेपाली काँग्रेसका नेतृ कान्तिका सेजुवाल छानिइन्। सेजुवाल चन्दननाथ नगरपालिकाकी पूर्वप्रमुख पनि हुन्। खस आर्य र विशेषगरी पिछडिएको क्षेत्र कर्णालीबाट उनी समानुपातिक सांसद बन्ने छिन् भन्ने चुनाव सम्पन्न हुनुपूर्व नै अनुमान गरिएको थियो।

कांग्रेस जुम्लाका पूर्वसभापति स्वर्गीय मानव सेजुवालको धर्मपत्नीसमेत रहेकी उनले स्थानीय सरकार सञ्चालन तथा व्यवस्थापनको अनुभव लिइसकेकी छन्। पहिलोपटक संसद्मा भाग लिने तयारी रहेको बताउँदै सेजुवालले संसद्बाट अगाडि बढ्न नसकेका शिक्षा ऐनलगायतका राष्ट्रिय महत्त्व बोकेका विधेयक अगाडि बढाउन जोड गर्ने बताइन्। 'कर्णालीको समृद्धि र विकासका लागि गौरवका आयोजनाको पहल तथा ती आयोजनाको कार्य तीव्रतामा विशेष जोड दिनेछु,' उनले भनिन्, 'नीतिगत सुशासन कायम गराउनतर्फ पनि मेरो सधैं खबरदारी रहनेछ।' उनले स्थानीय तहको व्यवस्थापकीय अधिकार पूर्णरूपले प्राप्त नभएको विषयमा पनि संसद्मा कुरा उठाउने बताइन्।

उनका अनुसार स्थानीय तह सञ्चालन ऐन संशोधन र संघ सरकारले स्थानीय तहमा राख्ने ७० प्रतिशत करबारे संसद्मा जोडदार आवाज उठाइनेछ । उनले जुम्लासहित सिंगो कर्णालीको विकास र समृद्धिमा योगदान पुग्ने आयोजना सञ्चालनमा पहल थाल्ने जनाइन्। *रासस*

## मननयोग्य

### चाणक्य नीति

सिकन्दर कैथियान (कठ) बाटै फिर्ता भएको थियो। उसले व्यास नदी पार गर्न सकेन। तर, हिँडेर नथाक्ने चाणक्य अर्थात् विष्णुगुप्त मगधमा आई सोच्न लागे- मैले यसभन्दा अगाडि मेरा परिचितसँग भेट्नु के उचित होला ? अहं उचित छैन भन्ने पनि सोची मैले बाहिर नै बस्नु उपयुक्त छ भन्ने ठान्दै सहरबाहिर एउटा झुपडी निर्माण गरी नजिकै गाउँमा बालकहरूलाई शिक्षा दिने कार्य प्रारम्भ गरे।

झोपडीका वरपर कुश उम्रिएको थियो। एक दिन उनका खुट्टामा कुशको टुसोले घोच्यो। बाटो सफा गर्दा पहिलेदेखि दुई-तीनपटक कुशले घोचेको थियो। त्यसलाई काटेका थिए तर यसपटक उनलाई साह्रै रिस उठ्यो। सबै कुश हातले उखल्न थाले। उखल्दै खाडल परेका स्थानमा माटो हाल्दै गर्दथे। त्यसो गर्दा उनी पसिनाले निथुक्कै भिजे तर पनि कुश उखल्न छाडेनन्। मिसिनजस्तो बनेर काम गर्दै थिए। उनले अलिकति पनि थाहा पाएनन् कि पछाडिबाट कुनै मानिसले पनि उनलाई हेरिरहेछ।

त्यो हेर्ने व्यक्ति सोच्तै आफ्नो मनमनै भन्थ्यो- 'कति आवेश र प्रतिशोध छ यस व्यक्तिमा, कसरी कुशले गरेको अहितलाई सम्झेर फेदैदेखि कुश नष्ट गर्दैछन् यी व्यक्ति ? सायद मेरो कामका लागि यिनै व्यक्ति उपयुक्त होलान् कि !

केही बेरपछि तिनले मनमा गुने, यी ब्राह्मण देवताको कुशसँग यत्रो रिस किन ? चाणक्यले फर्केर हेरे- अगाडि राजसी पहिरनमा कुनै वृद्ध खडा छन्। विष्णुगुप्त आश्चर्यमा पर्दै ती वृद्धलाई चिन्ने प्रयत्न गर्छन्- अनि मनमा पूरा विश्वास भएपछि बूढाका गोडामा पर्दछन्।

एक ब्राह्मणले आफ्ना खुट्टा पक्रिएको देखी मगधका अमात्य शकटार असमञ्जस स्थितिमा परे । ब्राह्मणसँग सोधे- भद्रपुरुषको परिचय पाउँछु ? विष्णुगुप्त सम्हालिएका थिए र बेहाल हुँदै भने- के पिताजीले आफ्नो छोरालाई बिर्सनुभयो ? म तपाईंकै कौटिल्य हुँ, चणकपुत्र...तर लोक मलाई तक्षशिलामा विष्णुगुप्तका नामले चिन्दछन्। क्रमशः

## पत्र–मञ्जुषा

# राज्य र समाजबाट अपहेलित सडक बालबालिका

नेपालमा बालश्रम उन्मूलनको कुरा धेरै गरियो । तर, बालश्रमको अझै पनि अन्त्य हुन सकेको छैन । कतिपय बालबालिकाहरू बालअधिकार पाउनबाट वञ्चित छन् । उपत्यकाका सडकमा मागेर खाने बालबालिकाको संख्या उल्लेखनीय छ । उपत्यकाबाहिरका जिल्लामा पनि अवस्था उही नै छ । सडकमै मागेर खाने, त्यही बस्ने र त्यही सुत्ने बालबालिकाहरू छ्याप्छ्याप्ती छ।

इँट्टाभट्टा, होटल, रेस्टुरेण्ट, घरायसी कामकाजमा पनि बालबालिकाकै प्रयोग भइरहेको छ। त्यस्तै, मठमन्दिरमा पनि माग्न बस्ने बालबालिकाको संख्या धेरै छ। पशुपतिनाथ मन्दिरमा बालबालिका मात्रै नभई तिनका बाबुआमा, अपांग, ज्येष्ठ नागरिकहरू यत्तिकै माग्न बसेका हुन्छन् । कसैको हात छैन त कसैको खुट्टा। कोही दुधे बालक च्यापेर बसेका देखिन्छन् । चिसो सिँढीमा बसेर हात फैलाइरहेको दृश्य एकदमै दयनीय छ। कति बालबालिकाको बाबुआमा छैनन्।

बाबुआमा गुमाइसकेका बालबालिकाहरू सडकमा छन्। कहीँकतै सहारा नभएपछि उनीहरूले सडकलाई आफ्नो बासस्थान बनाएका छन्। अशिक्षा, गरिबी र बेरोजगारी व्यक्तिलाई सडकमा ल्याउनुको अर्को कारण हो । कतिपय घर निकाला भइसकेपछि सडकमा आएर जिन्दगी गुजिरहेका छन् । अधिकांश बूढाबूढी सडकमा आउनु यही नै हो । मानसिकता गुमाएका, उपचार नपाएका, आफ्नो खुट्टामा उभिएर केही गरेर खान्छु भन्ने क्षमता नभएकाहरू पनि त्यही भीडमा छन्।

आफ्नो घरपरिवारबाट अपहेलित भएर, असहयोग भएर सडकमा आएका व्यक्तिहरूमाथि राज्यको आँखा पर्न सकेको छैन । माग्न बसेकाहरूलाई स्थानीय सरकारले समेत मतलब गर्दैन । न स्थानीयबासीहरूमा नै सहयोगको भावना जाग्छ । उनीहरू पनि देशका नागरिक हुन्। तर, राज्यले नै उनीमाथि अपहेलना गरिरहेको छ । खुला आकाशमुनि रात कटाउन बाध्य छन्, उनीहरू। सरकारले त्यस्ता नागरिकहरूका लागि खाना, बस्न, लगाउन, उपचारलगायत अति आवश्यक अधिकारहरू प्रदान गर्नुपर्ने हो।

यिनीहरू नेपाली हुन्, तर उनीहरूसँग नागरिकता छैन । बुवाआमा बाटोमा भएका छोराछोरीले कहाँबाट जन्मदर्ता बनाउने ? स्थायी ठेगाना छैन । नागरिकता र जन्मदर्ता नहुँदा उनीहरू राज्यबाट पाउनुपर्ने सबै सेवासुविधाबाट वञ्चित भएका छन् । काठमाडौंमा तीन वटा घर हुनेहरू, महिनामा लाखौं रूपैयाँ भाडा उठाउनेले ज्येष्ठ नागरिक भत्ता लिइरहेका छन्। तिनका त छोराछोरी पनि सरकारी जागिरे छन्। यता, श्रीमान् नभए पनि सम्पत्ति भएका एकल महिलाहरूले समेत मासिक भत्ता बुझिरहेका छन्।

छोराछोरी भने अमेरिका, अस्ट्रेलिया पुगेका छन् तर उनीहरू भत्ता लिन छोड्दैनन् । यता, सरकारी स्कुलमा पनि धनीकै छोराछोरी छात्रवृत्तिमा पढ्छन्। सरकारी कर्मचारीका छोराछोरीहरू छात्रवृत्तिको हकदार बनेका छन् । तर, सडकमा मागेर खानेको छोराछोरीले के पाए ? गरिबलाई भनेको छात्रवृत्तिमा धनीले रजाइँ गरिरहेका छन्। धनीहरू जहिले पनि गरिबको अधिकार खोस्छन् । उनीहरूको कारण गरिबका छोराछोरी स्कुल जान सकेका छैनन्। तीन वटा घर भएकालाई किन मासिक भत्ता चाहियो ?

त्यो भत्ता सडकमा मागेर खानेलाई दिँदा राम्रो हुन्थ्यो । धनीलाई छात्रवृत्ति दिनुको साटो गरिबलाई पढायो भने देशको साक्षरता दर बढ्थ्यो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले सडक माग्नेमुक्त बनाउने घोषणा गरेका थिए। सडकमा मागेर खानेहरू शिक्षादीक्षा, उपचार, गाँस, बास, कपासको व्यवस्था गर्ने भनेर ठूलठूला कुरा गरे । पत्रपत्रिका, अनलाइनहरूले हेडलाइन समाचार बनाए । ओलीको फोटो पत्रिकाको पहिलो पृष्ठमा आयो। तर, ती गरिबले के पाए ?

आज पनि उनीहरू सडकमै गुजारा गरिरहेका छन् । माग्नेमुक्त सडक कुन जिल्लामा छ ? कुनै जिल्लाले मागेर खानेहरू व्यवस्थापन गर्न सकेको छ ? यसअघिका काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यले पनि माग्नेहरूको नाममा नौटंकी देखाएर चर्चामा आएका थिए । केही दिन सडकमा बस्नेहरूलाई रातमा लगेर बासस्थानको व्यवस्थापन गरे । पछि फेरि उही अवस्था दोहोरियो । क्षणिक लोकप्रियताका लागि उनले मागेर खाने व्यक्तिहरूको प्रयोग गरे।

राज्यबाट अपहेलित जनताको नाममा व्यापार भयो । सडकमा बस्नेको नाम लिएर राजनीतिक दलहरू सत्तामा पुगे । आफू सत्तामा पुगे तर उनीहरूको समस्या आज पनि जस्ताको त्यस्तै छ । गरिब बालबालिकाले न्याय कहिले पाउला त ? यो गम्भीर प्रश्न अनुत्तरित छ।

*- अनुसा थापा, भक्तपुर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ। यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो। - सं.

# उपलब्धि संस्थागत गर्न चुनौती बढ्यो : राष्ट्रपति




■ प्रभाव संवाददाता

**कर्णाली-** राष्ट्रपति विद्यादेवी भण्डारीले परिवर्तनबाट प्राप्त उपलब्धि संस्थागत गर्न चुनौती बढेको बताएकी छन्। कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरमा शुक्रबार नेपाल पत्रकार महासंघको साधारणसभा उद्घाटन गर्दै राष्ट्रपति भण्डारीले सो कुरा बताएकी हुन् ।

'परिवर्तनबाट प्राप्त उपलब्धि संस्थागत गर्न चुनौती बढेको छ,' उनले भनिन्, 'यसका लागि प्रेस क्षेत्रको भूमिका महत्त्वपूर्ण छ ।' लोकतान्त्रिक गणतन्त्र स्थापना तथा मुलुकको व्यवस्था परिवर्तनका विभिन्न आन्दोलनमा पत्रकारिता जगतले महत्त्वपूर्ण योगदान पुऱ्याएको उनले बताइन् ।

प्रेस जगतलाई राज्यले अंकुश लगाउन नहुनेमा राष्ट्रपति भण्डारीले जोड दिइन् । उनले पत्रकारितालाई मर्यादित बनाउन आग्रह गर्दै महासंघको साधारणसभाको सफलताको शुभकामना व्यक्त गरिन् । राष्ट्रपति भण्डारीले महासंघको साधारणसभासहित मध्यपश्चिम विश्वविद्यालयको नवनिर्मित केन्द्रीय कार्यालयसमेत उद्घाटन गरिन् ।

साधारणसभामा बोल्दै कर्णाली प्रदेशका मुख्यमन्त्री जीवनबहादुर शाहीले केन्द्रले अहिले पनि कर्णालीलाई चिन्न नसकेको टिप्पणी गरे ।

नेकपा एमालेका महासचिव शंकर पोखरेलले मुलुकमा देखिएको समस्या समाधानमा प्रेस जगतको ठूलो भूमिका रहेको बताए । गत मंसिर ४ मा सम्पन्न निर्वाचनबाट मुलुकमा राष्ट्रिय पार्टी बनाउने योजना सफल भएको उनले बताए ।

'प्रमुख दलहरूले आफ्नो जनाधार गुमाएका छन्,' महासचिव पोखरलले भने, 'यद्यपि, दलहरू असफल भएर वैकल्पिक शक्ति जन्मेको भन्ने सत्य होइन ।'

नेकपा माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महराले आजभन्दा १५ वर्षअघि आफू सञ्चारमन्त्री हुँदा श्रमजीवी पत्रकारको हितमा काम गरेको बताए । उनले राष्ट्रिय राजनीतिका सन्दर्भमा सरकार गठनका लागि कुनै सहमति नभएको बताए ।

नेपाल पत्रकार महासंघका पूर्वसभापति हरिहर विरहीले सञ्चार क्षेत्रमा उल्लेख्य सुधारको आवश्यकता रहेको औंल्याए । अर्का पूर्वअध्यक्ष किशोर नेपालले संविधानको भावनाअनुरूप दल र नेपालको राजनीतिक प्रणाली जान नसकेको बताए ।

# नेपाल-भारत जीर्ण सीमा स्तम्भ मर्मत हुँदै

**कञ्चनपुर-** यहाँ नेपाल-भारत जीर्ण सीमा स्तम्भ मर्मतको कार्य अगाडि बढाइएको छ । भारतीय सीमा सुरक्षा बल (एसएसबी)को ५७औं बटालियनले सशस्त्र प्रहरी बल नेपालको समन्वयमा जीर्ण अवस्थामा रहेका सीमा स्तम्भमर्मत सम्भारको कार्य अगाडि बढाएको हो ।

भारतीय पक्षले जोर नम्बरका २४ जीर्ण अवस्थाका सीमा स्तम्भ मर्मतको कार्य गरिरहेको छ । नेपाल-भारत संयुक्त सीमा बैठकको निर्णयानुसार नेपालले बिजोर र भारतीयले जोर नम्बरका सीमा स्तम्भ मर्मत गर्ने निर्णय गरिएबमोजिम एक साता अघिदेखि सीमा स्तम्भ मर्मतको कार्य भइरहेको छ ।

सशस्त्र प्रहरी बल नम्बर ३५ गण शैलेश्वरी झलारीका सशस्त्र प्रहरी उपरीक्षक अमरबहादुर ऐरका अनुसार बिओपी कञ्जभोज अन्तर्गत पर्ने सीमा स्तम्भ नं ७९८, ७९६/१, ७९६/२, ७९६/३ तथा बिओपी देविस्थानअन्तर्गत पर्ने सीमा स्तम्भ नं ८००, ८००/१, ८००/२, ८००/३ भारतीय एसएसबीले मर्मत गरेको छ । बिओपी भूमिराजअन्तर्गत पर्ने सीमा स्तम्भ नं ८०२, ८०२/१, ८०२/२, बिओपी गड्डाचौकीअन्तर्गत पर्ने सीमा स्तम्भ नं ८०६, ८०६/१, ८०६/४, ८०६/५, ८०६/६, ८०६/२, बिओपी जीमुवा अन्तर्गत पर्ने सीमा स्तम्भ नं ८०८, ८०८/१, बिओपी ब्रह्मदेवअन्तर्गत पर्ने सीमा स्तम्भ नं ८१२/१, ८१०/१, ८१०, ८१२ र बिओपी वयलबन्दअन्तर्गत पर्ने सीमा स्तम्भ नं ८०४ को मर्मतको कार्य जारी रहेको छ । नेपाली पक्षले दुई वर्षअघि बिजोर नम्बरका सीमा स्तम्भ मर्मतको कार्य गरेको थियो । नेपाली पक्षले पुनर्वास नगरपालिका-११ डोकेबजारदेखि बेलौरीसम्मका बिजोर नम्बरका जीर्ण सीमा स्तम्भ मर्मतको कार्य गरेको थियो ।

प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्यालले सीमा बैठकमा सीमा स्तम्भ मर्मत गर्ने सहमति भएअनुसार मर्मतको कार्य भारतीय पक्षले गरिरहेको बताए । 'यसअघि बिजोर नम्बरका सीमा स्तम्भ हामीले मर्मत गऱ्यौं,' उनले भने, 'यसपटक भारतीय पक्षले जोर नम्बरका सीमा स्तम्भ मर्मतको कार्य गरिरहेको छ, हामीले समन्वयको कार्य गरिहेका छौं ।'

नियमित प्रक्रियाअन्तर्गत सीमा स्तम्भ मर्मत सम्भारको कार्य भइरहेको उनको भनाइ छ । कञ्चनपुरमा ६४ मुख्य, २२२ सहायक, १०४ साना सीमा स्तम्भ रहेका छन् । डोके बजारदेखि ब्रह्मदेवको खल्ला मुसेट्टीसम्मको १२९.५ किलोमिटर भारतसँगको सीमा क्षेत्र पर्दछ । *रासस*


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९/०९/०९

यस कम्पनीको मिति २०७९/०८/२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **पाणिनी सारु निर्माण सेवा प्रा.लि. (प्रा.लि. नं. ३०२९४९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०९/०३ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **पाणिनी सारु निर्माण एण्ड सप्लायर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


## बिष्णुपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बिष्णुपुर, सप्तरी
मधेश प्रदेश, नेपाल

## सिलबन्दी बोलपत्र आह्वानको ३० दिने सूचना

**(प्रथम पटक प्रकाशन मिति : २०७९/०९/०९ गते)**

यस विष्णुपुर गाउँपालिकालाई आवश्यक पर्ने तपसीलमा उल्लेख निर्माण कार्य गर्न इच्छुक र नेपाल सरकारबाट इजाजत प्राप्त फर्मर कम्पनी र संस्थाले देहायबमोजिमको शर्तहरूको अधिनमा रही रितपूर्वकको सीलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**बोलपत्रका शर्तहरू :**

१. बोलपत्र फारम रु ३,०००।०० (तीन हजार) फिर्ता नहुने गरि तिरी यो सूचना प्रकाशित भएको मिति देखि ३०औं (मिति: २०७९/१०/०८ गते) दिन सम्म बोलपत्र फारम यस कार्यालयमा सम्बन्धित निर्माण व्यवसायकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अधावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अधावधिक नविकरण फर्म संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र ,आन्तरिक राजश्व कार्यालयमा मु.अ कर दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्वर (PAN) प्रमाणित प्रमाणपत्र, आ.व २०७८/०७९ सम्मको कर चुक्ता गरेको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि, स्वयम घोषणा पत्र समेत निवेदन साथ पेश गरेपछि नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराईने छ ।
२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०औं दिन भित्र बोलपत्र खरीद गर्ने र ३१ औं दिनको (मिति: २०७९/१०/०९ गते) १२ बजे सम्म यस कार्यालयमा खरिद गरिएका बोलपत्र फराम्हारुको महलहरू स्पष्ट रूपमा भरि प्रत्येक पानाहरूमा सहिछाप गरि दर्ता गराई सक्नुपर्नेछ । दर्ता हुन आएका सीलबन्दी बोलपत्रहरू सोही दिन ठिक १:०० बजे यसै कार्यालयमा बोलपत्र दाताहरू वा निजहरूको प्रतिनिधिहरूको रोहोवरमा खोलिनेछ । सो समयमा बोलपत्र दाताहरू वा निजहरूको प्रतिनिधिहरूको उपस्थती नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिनहरू सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन सोही समयमा ती कामहरू हुनेछन ।
३. सीलबन्दी बोलपत्र फारम पेश गर्दा जमानतरधरौटी वापतको रकम यस कार्यालयको नाममा विष्णुपुर गा.पा वडा नं ०६ स्थित NCC बैंक लिमिटेडमा रहेको धरौटी खाता च.हि.नं १४१०००००९७०१ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा १२० दिन म्याद भएको (शिलबन्दी बोलपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यता प्राप्त बैंकबाट जारी भएको बिडबोन्ड (जमानत) संलग्न गर्नु पर्नेछ ।
४. प्राप्त सीलबन्दी बोलपत्र फारमहरू स्वीकृत गर्ने वा नगर्ने घटी वा बढी अंकवालालाई दिने वा नदिने सो सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । रित नपुगेका र म्याद नाघी आएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । बोलपत्र फारममा प्रत्येक आईटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
५. बोलपत्र फारम शर्त रहित, केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको डकुमेन्टमा नै भरिएको, कुनै थप घट वा द्रष्टव्य नलेखेको हुनु पर्ने छ ।
६. बोलपत्र दाताले कुनै पनि नक्कली कागजात पेश गरेको पाईएमा निज बोलपत्र दाताको बोलपत्र रद गरि कालोसुचिमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।
७. एक फर्मको नाममा खरिद भएको बोलपत्र फारम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।
८. नियमानुसार लाग्ने कर दस्तुर आदि सम्पूर्ण बोलपत्र दाता फर्मले स्वयम बेहोर्नुपर्नेछ ।
९. सीलबन्दी बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचनापाटीमा टाँस गरिनेछ ।
१०. सीलबन्दी बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछ ।
११. यस सूचनामा लेखिएका कुरा यसै बमोजिम र अन्य कुराका हकमा सार्वजनिक खरिद ऐन,२०६३(संशोधन सहित), सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा नेपाल सरकारका अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

**तपसील:**

| स.निं. | बोलपत्र/ठेक्का संकेत नं. | कामको विवरण | आवश्यक संख्या | लागत अनुमान (भ्याट, कन्तटिजेन्सी बाहेक) | बोलपत्र जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २४/२०७९/०८०/ NCB/BRM | डीहवार बाबा स्थानमा सामुदायिक भवन (RCC)निर्माण कार्या वडा नं.१ प्रसाही | ०१ | २८,४९,१२५.८४/- | ८५,५००.००/- | |

**प्रमुख प्रशासकीय अधिकृत**


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BEAUTOPIA HAIR & NAIL LADIES SALON CO.
पूर्व स्वीकृति मिति : २०७९/०९/०८ LT. No. 278117 चलानी नं.६०१९३७०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hari Dresser | 0 | 2 | 150 | ६४,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Nail Technician | 0 | 2 | 150 | ६४,८६५ | | | | | | | |

कम्पनी : MUG COFFEE RESTAURANT COMPANY
पूर्व स्वीकृति मिति : २०७९/०९/०८ LT. No. 278161 चलानी नं.६०१९३७२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COFFEE MAKER / WAITER | 15 | 0 | 120 | ५१,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARABIAN BEVERAGE CO. LTD.
पूर्व स्वीकृति मिति : २०७९/०९/०८ LT. No. 278154 चलानी नं.६०१९३७९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Indoor) | 10 | 0 | 85 | ३६,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Vehicle Driver | 10 | 0 | 180 | ७७,८३५ | | | | | | | |
| 3 | Helper | 30 | 0 | 95 | ४१,०८० | | | | | | | |
| 4 | Labour Indoor | 10 | 0 | 85 | ३६,७५५ | | | | | | | |

कम्पनी : SIAM SPA SALOON FOR LADIES
पूर्व स्वीकृति मिति : २०७९/०९/०८ LT. No. 278127 चलानी नं.६०१९३७०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 1 | 150 | ६४,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Massage Therapist | 0 | 2 | 140 | ६०,५४० | | | | | | | |
| 3 | Nail Technician. | 0 | 1 | 150 | ६४,८६५ | | | | | | | |

कम्पनी : DIVINE BEAUTY HAIR LADIES BEAUTY SALON
पूर्व स्वीकृति मिति : २०७९/०९/०८ LT. No. 278126 चलानी नं.६०१९३७०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nail Art/hairdresser/manicurist/pedicurist/salon | 0 | 4 | 150 | ६४,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : QISHA SPA LADIES BEAUTY SALON
पूर्व स्वीकृति मिति : २०७९/०९/०८ LT. No. 278125 चलानी नं.६०१९३७०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nail Art/hairdresser/manicurist/pedicurist/salon | 0 | 2 | 170 | ७३,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १६ गते (31st Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075
**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MADA AL SHARQ LOGISTICS SERVICE ONE PERSON COMPANY
पूर्व स्वीकृति मिति: २०७९/०७/२४ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/०८ LT . No. 275470 चलानी नं. ६०१९०९२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 6 | 0 | 1800 | ६३,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १६ गते (31st Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**
श्रम ईजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, E-mail : info@princeies.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YAHYA AHMED RAQWANI CO. FOR TRADING & CONT.
पुर्व स्वीकृति मिति २०७९/०५/२० पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/०८ LT. No. 271289 चलानी नं. ६०१८६९०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 15 | 0 | 2500 | ८८,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १६ गते (31st Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Cosmo International Overseas Pvt. Ltd.** (Overseas Employment Consultants)
Govt. License 280/058/059
P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal
Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DARWISH INTERSERVE FACILITY MANAGEMENT
पुर्व स्वीकृति मिति २०७८/११/१३ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/०८ LT. No. 258647 चलानी नं.६०१७५०९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Light | 4 | 0 | 1500 | ५४,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gen Clean Worker | 99 | 0 | 1000 | ३६,३९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १६ गते (31st Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**
Licence No.: 811/065/066
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

रूपशाला

## मधुसुदनको फिल्ममा मुकुन

निर्देशक मधुसुदन भट्टराईको नयाँ फिल्ममा अभिनेता मुकुन भुसाल अनुबन्धित भएका छन् । फागुनको दोस्रो साताबाट छायांकनमा जाने फिल्मका लागि बिहीबार मुकुन र निर्देशकबीच कागजी सम्झौता भएको हो । जयमा दुर्गे फिल्मस्को ब्यानरमा निर्माण हुन लागेको फिल्मका निर्माता छिरिङ डेन्डुप शेर्पा र विजय चन्द रहेका छन् । 'डेस्टिनेशन काठमाडौं', 'ब्ल्याक', 'निर्भय' जस्ता फिल्मका निर्देशन भट्टराईले फिल्मको नाम भने अहिले सार्वजनिक गर्न मानेनन् । फिल्मको दर्ता बाँकी भएकोले नाम अहिले गोप्य राखिएको उनले बताए ।



# पुस २९ मा रिलिज हुँदै 'तिम्रो मेरो साथ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली फिल्ममा संख्यात्मकरूपमा थोरै फिल्ममा अभिनय गरे तापनि स्थापित भएकी अभिनेत्री हुन् सम्राज्ञी राज्यलक्ष्मी शाह । 'ड्रिम्स'मार्फत डेब्यु गर्दा नै फरक देखिएपश्चात् उनको डिमाण्ड फिल्ममा बढ्दै गयो । यिनै अभिनेत्री शाह पछिल्लो समय अभिनेता पुष्प खड्कासँग देखिरहेकी छन् । यो जोडीले मंगलम, मारुनीपश्चात् अभिनय गरेको तेस्रो फिल्म 'तिम्रो मेरो साथ' यही २९ पुसमा रिलिज हुँदै छ ।

अभिनेत्री शाहले अतिथि भूमिकामा अभिनय गरेको पहिलो फिल्ममा काम गर्दा उनीहरूको चिनजान नै थिएन । फिल्मको ट्रेलर सार्वजनिक गर्न आयोजना गरिएको पत्रकार सम्मेलनमा पुष्पले भने, 'हाम्रो भेट नै दोस्रो फिल्मका लागि भएको थियो । उनको कामप्रतिको लगाव तारिफयोग्य छ । हामी मिल्ने साथी बनिसकेका छौं ।' तेस्रो फिल्ममा काम गर्दा झनै एकअर्कालाई बुझ्न पाएको उनले बताए । फिल्मनगरीसँग घुलमिल नभएकी अभिनेत्री शाहले पनि अभिनेता खड्कासँग काम गर्न पाउँदा 'कम्फर्ट फिल' हुने बताइन् । 'हामीले काम गर्ने शैली बुझिसकेका छौं । त्यसैले तेस्रो सहकार्यमा झनै सजिलो भयो,' अभिनेत्री शाहले भनिन्, 'मैले आफू सुहाउँदो भूमिकाभन्दा बाहिर निस्केर काम गर्ने कोसिस गरिरहेकी छु । क्यारेक्टरमा आफूलाई देखेपछि अभिनय गर्न तयार हुन्छु ।'

पत्रकार सम्मेलनमा उनीहरू दुई जनालाई अभिनय गराउनुका कारण सुहाउँदो केमेस्ट्री रहेको निर्देशक रमेश एमके पौडेलले बताए । 'उहाँहरूको फिल्म दर्शकले प्रतीक्षा गरिरहनुभएकोजस्तो लाग्छ । मैले तयार गरेको कथामासमेत उहाँ दुई फिट हुनुभयो,' निर्देशक पौडेलले भने, 'बाहिर जे-जस्तो हल्ला सुनिएता पनि अभिनेत्री शाहसँग काम गर्न निकै सहज र सरल भयो ।' फिल्ममा सन्दीप क्षेत्री, सरोज खनाल, खड्कबहादुर पुन, दिपिशा केसीलगायतका कलाकारको अभिनय छ । सवीर श्रेष्ठ र बाबुराम निरौलाको लेखन रहेको फिल्ममा शिव ढकालको छायांकन, सुवास भुसाल/योगेश काजीको संगीत, रामजी लामिछानेको कोरियोग्राफी र भूपेन्द्र अधिकारीको सम्पादन रहेको छ ।




म्यूजिक नेपाल लिमिटेड
(कम्पनी ऐन २०६३ बमोजिम स्थापित संस्था)
काठमाण्डौ, नेपाल

**बार्षिक साधारण सम्बन्धी सूचना**

श्री शेयरधनी महानुभावज्यूहरु,
यस कम्पनीको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस म्यूजिक नेपाल लिमिटेडको प्रथम बार्षिक साधारण सभा निम्नि लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान :**
मिति : २०७९/९/२८
समय : विहान ९:०० बजे
स्थान : कम्पनीको रजिष्टर्ड कार्यलय काठमाण्डौ ।

**वार्षिक साधारण सभामा पेश गरीने छलफलका प्रश्तावहरु**
१. अध्यक्षज्यूको मन्तव्य तथा वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. आ. व. ०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्त सम्मको वासलात र आ.व.०७८/०७९ को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण माथि छलफल गरी अनुमोदन गर्ने ।
३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ. व. ०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ती गर्ने र पारीश्रमीक निर्धारण गर्ने ।
४. सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

**विशेष प्रस्ताव**
१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.०७८/०७९ को मुनाफासमेतबाट वोनश शेयर वितरण गर्न स्वीकृत गर्ने ।
२. विविध ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

नोट:- अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

# विदेशमा 'हिजो आजका कुरा'को माग उच्च

**काठमाडौं (प्रस)-** निर्देशक साकार पन्त दुई साताअघि फिल्म 'हिजो आजका कुरा' प्रदर्शन गर्नका लागि अस्ट्रेलिया उडे । वरिष्ठ अभिनेता पिता सन्तोष पन्तको कथा र निर्माणमा बनेको 'हिजो आजका कुरा' गत असोज २८ गते नेपालभरका हलमा प्रदर्शन भएको थियो । दर्शकबाट सुखद प्रतिक्रिया पाएको फिल्मको विदेशमा माग बढेकाले निर्देशक स्वयं अस्ट्रेलिया पुगेका हुन् ।

आफ्नो डेब्यु निर्देशन तथा अभिनयको फिल्म भएकाले दर्शकको मागअनुसार आफू अस्ट्रेलिया पुगेको साकारले बताएका छन् । अस्ट्रेलियाका विभिन्न सहरमा फिल्म शो भइरहेको जानकारी दिए, 'फिल्म मन पराइरहनुभएको छ । त्यसैले पूर्वनिर्धारितभन्दा बढी शो थपिएका छन् । अझै केही साता शो निरन्तर रहन्छ ।'

उनले २२ डिसेम्बरमा क्वीनल्याण्डस्थित गार्डेन सिटी टुवाम्बामा सम्पन्न शोमा दर्शकको खचाखच उपस्थिति रहेको बताए । यसअघि डर्बिन क्याथरिन र ब्रिसवेनमा सम्पन्न शोमा पनि दर्शकले फिल्म निकै मन पराएका थिए । फिल्म २९ डिसेम्बरमा क्यानबेरा, ५ जनवरीमा सिड्नी र ८ जनवरीमा गोल्ड कोयस्ट अनि २२ जनवरीमा एडिलेडमा प्रदर्शन हुँदै छ ।

'हिजो आजका कुरा'को विदेश प्रदर्शन यात्रा अमेरिकाबाट सुरु भएको थियो । अस्ट्रेलियामा फ्युजन मिडिया प्रोडक्सनले फिल्म प्रदर्शनमा साथ दिइरहेको छ । 'विदेशमा यो फिल्मप्रति दर्शकमा देखिएको आकर्षणले अत्यन्तै खुसी लागेको छ,' निर्देशक साकार भन्छन्, 'अमेरिका, अस्ट्रेलियाझैं क्यानडा, युरोप, जापानलगायत विश्वका थुप्रै देशबाट फिल्मको डिमाण्ड आएको छ । हामी सकेसम्म धेरैभन्दा धेरै देशमा प्रदर्शन गर्ने तयारीमा छौं ।'

सेवा हाईड्रो लिमिटेड कम्पनीको
छैटौ वार्षिक साधारण सभा सम्बन्धी सूचना
प्रथम पटक प्रकाशित मिति २०७९/०९/०९

आदरणीय शेयरधनी महानुभावहरु
यस कम्पनीको मिति २०७९/०९/०६ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको छैठौ वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरूको उपस्थितिको लागि यो २१ दिने सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**
**मिति** : २०७९ पौष ३० गते शनीवार (14th Jan 2023)
**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, थापागाँउ, बानेश्वर, काठमाडौं। **समय** : दिनको १:०० बजे।

**छलफलका विषयहरू :**
**(क) सामान्य प्रस्ताव :**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तीय विवरणहरू छलफल गरी स्वीकृत गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७९/०८० का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
**(ख) विशेष प्रस्ताव :**
१. यस कम्पनीको जारी पूँजीको ४९% शेयरको प्राथमिक शेयर (IPO) सर्वसाधारणमा जारी गर्न स्विकृत गर्ने ।
**(ग) विविध :**

**सञ्चालक समितिको आज्ञाले**
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु**
१) साधारण सभामा उपस्थित हुने शेयरधनीहरूले अनिवार्य रुपमा वार्षिक प्रतिवेदन पुस्तिकामा संलग्न भएको प्रवेशपत्र वा आफ्नो शेयर प्रमाणपत्र वा आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको कुनै प्रमाण पत्र साथमा लिई सभामा भाग लिन हुन अनुरोध छ । कम्पनीको वार्षिक प्रतिवेदन कम्पनीको प्रधान कार्यालयबाट तथा साधारण सभाका दिन सो सभाहलबाट प्राप्त गर्न सकिनेछ ।
२) शेयरधनीहरुको दस्तखतको लागी शेयरधनी उपस्थिति पुस्तिका विहान १०:०० बजेबाट खुल्ला गरिनेछ ।
३) साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गर्नु पर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा वा निर्वाचनमा भाग लिएमा प्रतिनिधि पत्र स्वत: बदर हुनेछ ।
४) एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भागलिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ ।
५) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ३ (तीन) दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ ।
६) साधारणसभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय थापागाँउ बानेश्वर, काठमाण्डौमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

## रंगशाला

# अन्तर्राष्ट्रिय भलिबल: नेपाल श्रीलंकासँग पराजित

**काठमाडौं (प्रस)-** बंगलादेशमा जारी काभा २३ वर्षमुनि (यु-२३) अन्तर्राष्ट्रिय पुरुष भलिबल प्रतियोगितामा नेपाल श्रीलंकासँग पराजित भएको छ ।

ढाकाको मिरपुरस्थित सहिद सुहरावर्दी नेसनल इन्डोर स्टेडियमा शुक्रबार भएको खेलमा नेपाल श्रीलंकासँग ०-३ को सोझो सेटमा पराजित भएको हो । प्रतियोगितामा नेपालको यो लगातार दोस्रो हार हो । यसअघि हिजो भएको उद्घाटन खेलमा नेपाल बंगलादेशसँग ०-३ को सोझो सेटमा पराजित भएको थियो ।

शुक्रबारको खेलमा नेपालले श्रीलंकासँग पहिलो सेट २४-२६ ले गुमायो भने खेलको दोस्रो सेट १८-२५ ले गुमायो । त्यसैगरी खेलको तेस्रो तथा अन्तिम सेटमा नेपाल १७-२५ ले पराजित भयो ।

यही पुस ११ गतेसम्म चल्ने उक्त च्याम्पियनसिपमा आयोजक बंगलादेशसँगै नेपाल, श्रीलंका र कीर्गिस्तान गरी चार टोलीको सहभागिता रहेको छ । नेपालले अब समूह चरणको तेस्रो तथा अन्तिम खेलमा कीर्गिस्तानको सामना गर्नेछ । उक्त खेल आज शनिबार हुनेछ ।

